मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

कृषि तथा कृषिजन्य वस्तुको आयातभन्दा निर्यात बढी : पृष्ठ २मा



◆ वर्ष : २४ ◆ अङ्क : ३२३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज २९ गते बुधवार (Wednesday, October 16. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नवजात शिशुसहित ६ जनाको मृत्यु

**झापा, असोज २८।** दशैंको १४ दिनको अवधिमा प्रदेश-१ मा १३ जनाले ज्यान गुमाएका छन्। प्रदेश १का १४ जिल्लामा भएका दुर्घटनामा १३ जनाको मृत्यु भएको १ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ।

दसैंको अवधिमा ६१ वटा सवारी दुर्घटना भएको थियो। प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता राजेश राईका अनुसार असोज १२ गते घटस्थापनादेखि असोज २६ गते पूर्णिमासम्म भएको सवारी दुर्घटनामा ६० जना गम्भीर घाईते र ७६ जना सामान्य घाइते भएका थिए।

मृत्यु र घाइते हुनेमा सबैभन्दा बढी मोटरसाइकल चालक रहेको राईले जानकारी दिए। प्रवक्ता राईका अनुसार ट्राफिक प्रहरीले बढी भाडा लिने सवारीलाई कारबाही पनि गरेको जानकारी दिए। उनका अनुसार दसैंको बहाना बनाएर बढी भाडा लिने २५ वटा सवारी कारबाहीमा परेका छन्। बढी भाडा लिने र ट्राफिक प्रहरीको नियम उल्लघंन गर्ने सवारीबाट ३३ हजार रुपैंया राजश्व समेत संकलन भएको छ।

गत बर्ष असोज २४ गतेदेखि कात्तिक ७ गतेसम्म ५० वटा सवारी दुर्घटना हुँदा १३ जनाको मृत्यु भएको थियो भने ४१ जना गम्भीर घाइते भएका थिए। त्यस्तै सो दुर्घटनामा ७७ जना सामान्य घाइते भएको प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक भीम दाहालले बताए।

यता झापामा मात्रै ६ जनाले दशैंको अवधिमा ज्यान

*(बाँकी अन्तिम पृष्ठमा)*

# प्रतिबन्धित जुस खुलेआम बिक्री

**झापा, असोज २८।** सरकारले प्रतिबन्ध लगाएको विभिन्न स्वादका शक्तिवर्द्धक जुस बजारमा खुलेआम बिक्री-बितरण भइरहेको पाइएको छ।

बहुर्राष्ट्रिय कम्पनीद्वारा उत्पादित 'सेन्थेटिक फ्लेवर र इनर्जी जुस'ले सर्वसाधारणको स्वास्थ्यमा नकारात्मक असर पारेको भन्दै सरकारले गत असारदेखि त्यसको बिक्री वितरणमा रोक लगाएको थियो। त्यस्ता विभिन्न ब्राण्डका जुस भियतनाम, बङ्गलादेश र थाइल्याण्डबाट आयात हुँदै आएका थिए। शक्तिवर्द्धक जुसले मुटु, मृगौलामा असर गर्ने विज्ञको भनाइ छ। सरकारले त्यसबारे मन्त्रिपरिषद्बाट निर्णय गरेर राजपत्रमा सूचना प्रकाशित गरे पनि प्रतिबन्धबारे सर्वसाधारणलाई जानकारी नै छैन।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जकी प्रमुख ज्योत्सना श्रेष्ठले विदेशबाट आयात हुने विभिन्न फ्लेवर र शक्तिवर्द्धक जुसमा पूर्ण प्रतिबन्ध लागेको बताइन्। रेडबुल, लिची, एप्पलस्लाइडर जस्तै थुप्रै प्रकारका शक्तिवर्द्धक जुस बजारमा पाइन्छन्।

सर्वसाधारणको स्वास्थ्यलाई मध्यनजर गरी सरकारले प्रतिबन्ध लगाएको हुन सक्छ- उनले भनिन्- त्यस्ता पेयपदार्थमा सर्वसाधारणको स्वास्थ्यका लागि आवश्यक पर्ने तत्व पाइँदैन। खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयका अधिकृत एकराज बुढाथोकीले मौज्दात पेयपदार्थ बिक्री भइरहेको बताए। तेस्रो मुलुकबाट आयात भएकाले तस्करीको सम्भावना नरहेको उनको भनाइ छ।

व्यापारीसँग जानकारी माग्दा पुरानो स्टक बिक्री गरेको भन्छन्। भारतमा पनि त्यस्ता पेयपदार्थ उत्पादन नहुने भएकाले स्टककै हो भन्ने लाग्छ- उनले भने- दशैंतिहारसम्म स्टक सकिन्छ होला जस्तो छ। त्यसपछि बिक्री बन्द हुन्छ।

निकासी पैठारी (नियन्त्रण ऐन) २०१३ को दफा ३ को उपदफा (१) बमोजिम नेपाल सरकार ( मन्त्रिपरिषद्) को निर्णय अनुसार ०७६ असार २ गते नेपाल राजपत्रमा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना (खण्ड ६९, संख्या ११, नेपाल राजपत्र, भाग ४को सूचना नं. १को प्रकरण ४) ले शक्तिवर्द्धक पेयपदार्थ र यस्तै प्रकारका पेयपदार्थको पैठारीमा पूर्ण बन्देज लगाएको हुँदा यस्ता पेयपदार्थ पैठारी (आयात) नहुने जानकारी गराइन्छ, सरकारले गरेको निर्णयमा उल्लेख छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## शिक्षाका लागि अक्षयकोष



**बिर्तामोड, असोज २८।** विदेशमा बसेपनि स्वदेशमा रहेका असहायलाई शैक्षिक क्षेत्रमा सहयोग गर्ने उद्देश्यले झापाली समाज युएईले लाखौं रुपैयाँको अक्षयकोष स्थापना गरेको छ।

झापाली समाज युएईले असहाय बालबालिकाहरुको शिक्षाको क्षेत्रमा सहयोग गर्ने उद्देश्यले झापामा १२ लाखभन्दा बढी रुपैयाँको अक्षयकोष स्थापना गरेको हो। झापाली समाज युएईको नयाँ सोच, असहाय बालबालिकाहरुको शिक्षाका लागि अक्षयकोष भन्ने नाराका साथ रोजगारीका लागि युएईमा रहेका झापालीहरुले प्रवासमा कमाएको रकमको केही अंश समाजसेवामा खर्च गर्ने उद्देश्यले १२ लाख ५८ हजार ५ सय ५२ रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन्।

झापाको कनकाई क्याम्पस सुरुङ्गामा मंगलबार आयोजित कार्यक्रमका बीच उक्त अक्षयकोषको घोषणा गरिएको हो। नेपालमा भने अनुसारको रोजगार नपाएपछि बैदेशिक रोजगारका लागि जान वाध्य भए पनि प्रवासमा रहेर कमाएको रकमको केही अंश असहाय बालबालिकाहरुको शिक्षाका लागि खर्च गर्न अक्षयकोष स्थापना गरेको झापाली समाज युएईका अध्यक्ष अशोक चापागाँईले बताए।

*(बाँकी अन्तिम पृष्ठमा)*

# कप्तानबाट पारसको राजीनामा

**काठमाडौं, असोज २८।** पारस खड्काले नेपाली क्रिकेट टिमको कप्तानबाट राजीनामा घोषणा गरेका छन्।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले नेपाल क्रिकेट संघ (क्यान) को निलम्बन फिर्ता गरेकै भोलिपल्ट कप्तानको भूमिकाबाट राजीनामाको घोषणा गरेका हुन्। क्यानलाई गरिएको निलम्बन तीन वर्षपछि फुकुवा भएकोमा निकै खुशी लागेको बताउँदै अब आफूले कप्तानबाट राजीनामा दिएको पारसले विज्ञप्तिमा जनाएका छन्।

'नेपाली क्रिकेटको निलम्बन फुकुवा भएको थाहा पाउँदा निकै राम्रो लागेको छ। नेपाली क्रिकेट, खेलाडी तथा सरोकारवालाका लागि



नयाँ समितिले राम्रो गरोस भन्रुने कामना गर्दछु'- पारसले विज्ञप्तिमा भनेका छन्।

मैले तत्काल लागू हुने गरी नेपाली क्रिकेट टोलीको कप्तानबाट राजीनामा दिने निर्णय गरेको छु। यो अविश्वनीय यात्रामा मलाई सहयोग गर्ने सबै खेलाडी, प्रशिक्षक, अम्पायर, साथीहरु तथा मेरा परिवारलाई धन्यवाद दिन चाहन्छु। जय नेपाल !' सन् २००४ मा सिनियर राष्ट्रिय क्रिकेट टिममा डेब्यु गरेका पारस सन् २००९ बाट कप्तान बनेका थिए। उनले विनोद दासलाई विस्थापित गर्दै कप्तान बनेका थिए।

युएईमा भएको एसिसी टी-ट्वान्टी ट्रफीबाट पारसले नेपाली टोलीको कप्तानको जिम्मेवारी सम्हालेका थिए। नेपाली क्रिकेटका सबैभन्दा सफल कप्तान पारसले नेपाललाई डिभिजन ५ हुँदै एक दिवसीय अन्तर्राष्ट्रिय राष्ट्रको मान्यता दिलाउन निर्णायक भूमिका खेलेका थिए। पारसको कप्तानीमा नेपालले सन् २०१४ मा बंगलादेशमा भएको टी-ट्वान्टी विश्वकप पनि खेल्यो।

# गुहारसहितको अपिल

मेरी छोरी सञ्जना ढुंगाना (दुलाल)को अनारमनी साविक-९ कि.नं. ५७४ को जग्गाको संरक्षक म आमा अञ्जना ढुंगाना भई आएकोमा हाल उक्त जग्गाका सधियार ध्रुवकुमार शिवाकोटीले उत्तरतर्फबाट करिब ११ का जग्गा दखल गरी माछा पोखरी बनाउनु भएको थियो, अहिले अझ दक्षिण झरी त्यहाँ भएका नरिवल, आँप, कटहर, सुपारी, लिची आदि रुख ढालफाड गरी दिवाल र सयौं रुख विरुवाहरु आफ्नापट्टि पारेका र सरपट नापी समेत नपाइसकेको बुझिएको बेला मेरा श्रीमान इलाम घर गएकोले मैले नै ध्रुववजीलाई फोनबाट त्यो के गर्नुभएको भनी सोधे, उहाँले जग्गा त्यहीसम्म पर्छ भनेर फोन राखिदिनुभयो। त्यसपछि त्योभन्दा अगाडि धेरै चोटी अमिनलाई नाप्न लगाउँदा अमिनले देखाएको ठाउँ उहाँलाई चित्त बुझेन। बडाध्यक्षले टेवल ल्याउने सल्लाह समेत दिनुभयो। तर, अमिन ल्याउने वातावरण मिलाइएन। अन्त्यमा वडादशैंको पञ्चमीका दिनदेखि लगातार टिकाको तेस्रो दिनसम्म दिवाल लगाउने काम उहाँले गराउनु भयो। मेरो सामने रुख ढलिरहे, दिवाल लागिरह्यो म न्याय मान्न निम्न ठाउँहरुमा पुगे जति गुहार भागेपनि काम रोकिएन।

**मैले न्याय मागेका ढोकाहरुः**

१) बिर्तामोड नगरपालिका(३ न्यायिक समितिका अध्यक्ष, उहाँले २ नं. वडामा मिलाई दिन लेखी पठाउनु भनेर लेखिदिनुभयो।
२) वडामा पत्र दर्ता गरे तर वडाले मेरो कार्य क्षेत्रमा पर्दैन अदालत जानु भन्नुभयो।
३) अदालत गए, मुद्दा दर्ता गर्नु अघि एक पटक श्रीमानलाई सोध्नु पर्‍यो भनि इलाममा रहनु भएका श्रीमानलाई टेलिफोन मार्फत सोधे। उहाँले अहिले मुद्दा दर्ता नगर्नु भन्नुभयो।
४) प्रजिअ कार्यालय झापामा गई निवेदन गर्दा, एसपी कार्यालयमा पठाउनुभयो। एसपी कार्यालयबाट इलाकामा पठाइयो। इलाकाले जग्गा सम्बन्धि विवादमा केही कार्य गर्न अदालतको आदेश चाहिन्छ भन्यो। (मेरा श्रीमान साधारण जीवन बिताउन चाहनुहुन्छ।
५) मेरो छोरीको जग्गाको रुख विरुवाहरुको नास भइराखेको छ। म आमा न्याय माग्न ठाउँ नै नपाएकोले यो अन्तिम रुपमा सम्पूर्ण राजनीतिक पार्टी, न्यायप्रेमी समाज, पत्रकार र धार्मिक समुदाय, संघ-संस्थाहरु, मेरा छोराछोरी सरहका पूर्वविद्यार्थीहरु, अभिभावक समक्ष गुहार माग्न आएकी छु। म यसै अपिलबाट कवुल गर्छु। तपाईहरुबाट कसैले अगुवाई गरी सरकारी अमिन झिकाई २०२१ सालको सर्वे नापी अनुसारको जग्गा छुट्याई दिएमा मेरो मञ्जुर छ।

अन्त्यमा दुःख लाग्छ, उहाँले खाडी खन्दा, रुख, ढाल्दा दिवाल लगाउन, यता अमिन सधियर र गाउँ समाज केही राख्नु भएन। धैरै दिनदेखि विवादमा रहेको जग्गामा यति ठूलो नोक्सानी पुऱ्याउनुभयो। मलाई मेरो क्षतिपूर्तिसहित तपाइहरुकै विवेकले न्याय दिलाई दिनुहुन विनम्र अनुरोध गर्दछु। तपाईहरुको निर्णयमै मेरो मञ्जुरी हुनेछ। नापीमा लाग्ने राजश्व म व्यहोर्ने छु। धन्यवाद।

**अञ्जना ढुंगाना,** अनारमनी-५, झापा

## जवरजस्ती करणी आरोपमा एक पक्राउ

**उदयपुर, असोज २८।** उदयपुरको त्रियुगा नगरपालिका-८ का २७ बर्षीय सत्य सदा जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका छन्।

निजले २५ गते राति ९ बजेको समयमा एक १५ बर्षीया बालिकालाई बिवाह गर्छु भनी ललाईफकाई प्रलोभनमा पारी जबरजस्ती करणी गरेको भन्ने पीडित बालिकाको आमाले दिएको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले सदालाई पक्राउ गरेको हो पक्राउ परेका सदाको सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

## डाक्टर केसीविरुद्ध अनशन बस्ने चेतावनी

**बिर्तामोड, असोज २८।** डा. गोविन्द केसीविरुद्ध अनशन बस्ने युवा अभियन्ता दाबी गर्ने बिजय थापाले चेतावनी दिएका छन्। उनी यसअघि पनि केसीविरुद्ध अनशन बसिसकेका छन्।

डाक्टर केसीले सोमबार आफ्ना माग पूरा नभए कात्तिक १३ गतेबाट अनशन बस्ने चेतावनी सरकारलाई दिएका थिए। डा. केसीले आफ्ना माग पूरा गर्न कात्तिक ८ गतेसम्म सरकारलाई अल्टिमेटम पनि दिएका छन्। आफू कार्यरत् टिचिङ हस्पिटल महाराजगञ्जमा पत्रकार सम्मेलन गरी डा. केसीले आफूसँग सरकारले विगतमा गरेका सम्झौता कार्यान्वयन हुनुपर्ने बताए।

डा. केसीले भने- 'सम्झौता धेरै भए, तर कार्यान्वयन भएन।' डा. केसीले चिकित्सा क्षेत्रमा सुधार, नियुक्ति प्रणालीमा दलीय भागबण्डा अन्त्य हुनुपर्ने, विभिन्न आयोगले दोषी ठहऱ्याएकालाई कारवाही हुनुपर्ने, अबैध शुल्क लिने निजी मेडिकल कलेजका सञ्चालकलाई कारबाही हुनुपर्ने लगायतका माग राखेका छन्। त्रिवि शिक्षण अस्पतालको सेवाबाट अवकासप्राप्त उनले अब कहाँ अनशन बस्छन् भन्नेबारे खुलाएका छैनन्।

यता मंगलबार थापाले राजधानीकै रिपोर्टस क्लवमा पत्रकार सम्मेलन गरी आफू डा. केसी र उनका मुद्दाको विपक्षमा अनशन बस्न लागेको बताए। यस अघि दुईपटक डा. केसीकै विरुद्ध अनशन बसिसकेका थापाले अनशनका नाममा शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई वाधा पुऱ्याउन नहुने भन्दै आफू डा. केसीको विरुद्ध संघर्षमा उत्रेको बताए।

थापाले सरकारले आफ्ना पुराना माग पूरा नगरेको पनि

*(बाँकी अन्तिम पृष्ठमा)*

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**


**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

**यही मिति २०७६ साल कात्तिक १ र २ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ। दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला।**
**नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।**

सम्पर्कः **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)





सानै उमेरमा आकाशको सफलता

# सुधारकेन्द्रको बासदेखि सुधार गृह सञ्चालकसम्म

**बिर्तामोड, असोज २८।** बिर्तामोड-३ बिर्तावजारका आकाश खड्का सानैदेखि पढाइमा अब्बल थिए ।

बिर्तामोडस्थित लिटल फ्लावर्स इङ्लिस स्कूलमा उनले एसएलसीसम्मको अध्ययन गरे । लिटलमा पढ्दा कक्षा सातसम्म उनको पढाई अब्बल थियो । उनले हरेक परीक्षामा 'डिस्टिङसन' नै ल्याउँथे । जब उनी किशोरावस्थामा प्रवेश गर्छन् क्रमशः उनको पढाई कमजोर हुँदै जान्छ । उनको पढाई कमजोर हुनुको एक मात्र कारण थियो दुर्व्यसन ।

कक्षा सातमा पढ्दा उनले साथीको संगतले चुरोट सेवन गर्न थाले । विस्तारै उनले चुरोटमै गाँजा मिसाएर सेवन गरे अनि विस्तारै उनले अन्य नशालु पदार्थ ( डाइजापाम, फेनारगन, लुपीजेसिक, व्राउनसुगर, ड्रक्स, खैरो हिरोइन) जस्ता लागूऔषध सेवन गर्न थाले । लागू औषधसेवनकै कारण उनको पढाइ बिग्रदै गयो । पढाई कमजोर भए पनि उनले लिटलबाटै एसएलसी उत्तीर्ण गरे र उच्च शिक्षा अध्ययनका लागि काठमाडौंस्थित गोल्डेन गेट कलेजमा उनको भर्ना भयो ।

कुन अभिभावकलाई चाहना हुँदैन आफ्ना छोरा छोरीको पढाई राम्रो होस् र उनीहरुलाई राम्रो विद्यालयमा भर्ना गराएर अब्बल बनाउ भन्ने । आकाशका अभिभावकलाई पनि त्यस्तै भयो । आमा मिरा खड्काले आकाशलाई पनि उच्च शिक्षा अध्यनका लागि काठमाडौं पुऱ्याइन् । काठमाडौंको नाम चलेको कलेजमा उनको भर्ना त भयो तर उनी अभिभावकको निगरानीबाट टाढिए । किशोरावस्थामा अभिभावकको प्रत्यक्ष निगरानीमा रहँदारहँदै आकाशले कुलतको बाटो रोजिसकेका थिए । अझ काठमाडौं पुगेपछि उनलाई नशालु पदार्थ सेवन गर्न अझ सहज भयो । कक्षा ११ -१२ पढ्दापढ्दै उनी यतिसम्म बिग्रिएकी उनलाई दुईपटकसम्म सुधार केन्द्र नै राख्नुपऱ्यो ।

छोरो कुलतमा फसेपछि अभिभावकलाई उस्तै चिन्ता । छोरो कुलतमा फसेको समाजले थाह पाऊलान् र आफ्नो सामाजिक प्रतिष्ठामा आँच आउला भन्ने अर्को चिन्ताले झन सताएको थियो खड्का परिवारलाई । छोराको भविष्य अन्धकार भयो भन्दै खड्का परिवार धेरै दिन बिच्छिप्त भए । सुधारकेन्द्रका विषयमा कसैलाई सोध्यौं भने अरुले थाह पाउने डर, नसोधौं भने छोरो दिन प्रतिदिन कुलतमा फसेर प्रहरी हिरासतसम्म पुगिसक्यो- मिराले भनिन्- 'त्यो बेला मर्नु जस्तै भएको थियो ।'

कुलतमा फसेको छोरालाई सुधार्न अनेक प्रयत्न गर्दा समेत नसकेपछि अन्नत मिराले आकाशलाई बिर्तामोडस्थित एक सुधार केन्द्रमा राखिन् । तीन महिनासम्म सुधार केन्द्रमा राखेर घर फर्किएका आकाश केही दिनसम्म आफू सुध्रिएको व्यवहार देखाए पनि केही दिनपछि पुनः उनको व्यवहार विस्तारै पहिलाकै जस्तै हुँदै गयो । सुधार केन्द्रमा राख्दा पनि छोरो नसुध्रिएपछि खड्का परिवारले पुनः आकाशलाई काठमाडौंको एक सुधार गृहमा राख्यो ।

दोस्रोपटक सुधार गृहमा पुगेपछि आकाशले आफू गलत बाटोमा रहेको महसुस गर्दै अब सुध्रिएर समाजमा केही गर्ने अठोट लिए । तर, आकाशलाई आफू सुध्रिएको अभिभावकलाई विश्वस्त बनाउन निक्कै समय लाग्यो । नलागोस् पनि किन ? हिजो अभिभावकलाई अनेक वहाना बनाएर लागूऔषध किन्ने पैसा जुटाउने गरेका आकाशलाई आज आफूले लागूऔषध प्रयोग गर्न छाडेको विश्वास दिलाउन निक्कै समय लाग्यो ।

सानै उमेरमा कुलतमा फसेका आकाशले २१ वर्षको उमेरमा नै आफैंले लागूऔषध पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने अठौट लिए । उनको अठोटलाई आमा मिराले समेत शुरुमा त पत्याइनन् । तर, आकाशले विस्तारै विश्वास दिलाएपछि आमा मिराले छोराको खुशीका लागि लागूऔषध पुनर्स्थापना केन्द्र खोल्न अनुमति दिइनन् ।

बिग्रिएको छोरोले राम्रो काम गर्न लागेको भन्दै मिराले छोराको खुशीका लागि दिएको साथले नै अहिले आकाशलाई पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने थप हौसला मिलेको छ । कुलतमा फस्ने उमेर समूहका आकाश अहिले अरुलाई सुधार्नमा व्यस्त रहनु नै समाजका लागि उदाहरणीय काम हो । त्यसमाथि आफू कुलतमा फसेको र कुलतबाटो छाडेर समाज सुधारका लागि देखाएको अग्रसरता खड्का परिवारमा मात्र होइन सबैका लागि प्रेरणाको स्रोत बनेको छ ।

२१ वर्षको उमेरमा नै न्यू क्रिएशन फाउण्डेशन नामक सुधार गृह सञ्चालन गरेका आकाशले अहिले २० जना भन्दा बढीलाई सुधार्ने प्रयत्न गरिरहेका छन् । यस अघि पनि उनले धेरैलाई कुलतबाट छुटाएर सही बाटोमा ल्याएका छन् । सानै उमेरमा सुधार गृह खोल्ने आकाश नेपालको मात्र होइन विश्वकै पहिलो व्यक्ति हुन सक्ने आमा मिराको दावी छ । उनी भन्छिन्- 'यदि यस्तो हो भने आकाशको नाम गिनिज बुकमा लेखाउन सकिन्छ ।'

पछिल्लो तथ्याङ्क अनुसार काठमाडौंमा मात्रै करिब ८० हजार युवायुवती लागूऔषधको कुलतमा फसेका छन् । आर्थिक रूपले अवस्था कमजोर भएका भन्दा पनि राम्रो भएका परिवारका छोराछोरी कुलतमा फस्ने समस्या बढी देखिएको छ । अभिभावकले छोराछोरीका क्रियाकलापमा समयमै चासो नदिँदा घरपरिवार उजाड जस्तै बन्ने गरेका छन् ।

छोराछोरीको उज्ज्वल भविष्यका लागि दुःख गर्ने अभिभावकले आफ्ना सन्तानका क्रियाकलापप्रति समय-समयमा चासो नराख्दा लागूऔषधको कुलतमा फस्ने समस्या बढेको हो । प्रहरी प्रधान कार्यालय, लागूऔषध नियन्त्रण ब्युरोमा कार्यरत एक प्रहरी अधिकारीका अनुसार लागू औषधले कतिपयको घर-परिवार उजाड बनेको छ ।

लागूऔषध नियन्त्रण ब्युरोका अनुसार, युवायुवती लागू औषधको कुलतमा फस्नुमा ५० प्रतिशत अभिभावकको कमजोरी देखिन्छ । लागूऔषध प्रयोग गर्नेहरूमा ३१ प्रतिशत १० जोड दुई पढ्नेहरू छन् । छोराछोरीलाई मनग्ये खर्च दिने, बाआमा विदेश बस्ने, उनीहरूका क्रियाकलापप्रति खासै चासो नदिने र एकअर्काको देखासिकीमा लाग्ने भएकाले युवामा यो समस्या बढेको हो ।

नेपालमा एक लाख ५० हजार लागूऔषध दुर्व्यसनी रहेको अनुमान गरिएको छ । गृह मन्त्रालयको लागूऔषध नियन्त्रण एकाइका अनुसार, १५ देखि २४ वर्ष उमेर समूहका दुर्व्यसनी ५२ प्रतिशत, २५ देखि ३४ वर्ष उमेर समूहको दुर्व्यसनी ४२ र ३५ वर्षभन्दा माथि उमेर समूहका ६ प्रतिशत दुर्व्यसनी छन् । त्यस्तै, शैक्षिकस्तरका आधारमा २८ प्रतिशत एसएलसीभन्दा कम अध्ययनरत्, २२ प्रतिशत एसएलसी उत्तीर्ण र ३१ प्रतिशत टेन प्लस टु गरिरहेका छन् । अरू स्नातक तहभन्दा माथि अध्ययन गरेका छन् ।

चुरोट, रक्सी र गाँजाबाट शुरु हुने लागूऔषधको लत चरेस, हेरोइन हुँदै औषधिका साथै लागूऔषधका रूपमा पनि प्रयोग हुने लागूऔषध प्रयोग गर्नपुग्छन् । उनीहरू औषधिजन्य लागूऔषध डाइजेपाम, बुनुफ्रिन र फेनारगन सुई (सिरिन्ज)को सहयोगमा लिन बाध्य हुन्छन् । यो भनेको लागूऔषध दुर्व्यसनमा पस्ने अन्तिम 'स्टेज' (चरण) हो । सिरिन्जबाट लागूऔषध लिनेहरूलाई पुनर्जीवन दिन कठिन हुने गरेको पाइएको छ ।

लागूऔषधका कारण घर-परिवार र समाजमा झैंझगडा, द्वन्द्व र अशान्तिसँगै चोरी, डकैती, लुटपाट, आगजनी, काटमार र तोडफोड, बलात्कार, आत्महत्या जस्ता जघन्य अपराध हुने गरेका छन् । त्यस्तै, एचआईभी/एड्स, यौनजन्य अन्य रोग, हेपाटाइटिस बी र सी, क्षयरोग तथा मानसिक रोगजस्ता प्राणघातकसमेतका रोग लाग्नेगरेका छन् । लागू औषधको प्रयोग नेपाली समाजका लागि मात्र नभई विश्वका लागि नै ठूलो शत्रुका रूपमा देखापरेको छ । यसका कारण विश्वमा वर्षेनि साढे दुई लाख मान्छे लागूऔषधको कुलतमा फस्ने गर्छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)को तथ्याङ्कमा विश्वमा १४ करोड लागूऔषध दुर्व्यसनी रहेको पाइएको छ ।

साथी संगतले कुलतमा फसेका आकाश अहिले विगतलाई प्रति निक्कै पश्चताप छ । तर, सुधार गृह सञ्चालन गरेर धेरैलाई असल बाटोमा ल्याउन पाएकोमा भने उनी निक्कै खुशी छन् । उनी भन्छन्- सुधार गृहमा हुँदा म आफूले आफूलाई खोज्न थाले र म गतल बाटोमा रहेछु भन्ने बुझेपछि आफूले पनि सुधारगृह खोल्ने निर्णय सुधार गृहमा नै गरेको थिए ।

समाजमा राम्रो काम गरेको भन्दै अहिले आकाशलाई हेर्ने दृष्टिकोण विगतको भन्दा आकाश पताल फरक छ । छोराले आफ्नै ठाउँमा सुधार गृह सञ्चालन गरेर राम्रो काम गरेको भन्दै आमा मिरा पनि अहिले दंग छिन् ।

पछिल्लो समय झापामा पनि लागूऔषधको कारोवार दिन प्रतिदिन बढ्दो छ । खुल्ला सीमानाका कारण सहज रुपमा लागूऔषध झापा भित्रिने गरेको र प्रहरीले निगरानी बढाए कारोवारीले भारतीय बजारमा सहजै लागूऔषध सेवन गर्न सक्ने भएकाले यसलाई रोक्न प्रहरीलाई निक्कै ठूलो चुनौति रहेको आकाशको बुझाइ छ ।

*(कुराकानीमा आधारित)*

## शिक्षाका लागि ...

झापाली समाज युएईको स्थापनाकाल देखि नै पारस लामा, दूर्गेश सापकोटा, झापाली समाज युएईका परिकल्पनाकार रामप्रसाद ढुङ्गेलगायतको टिमले असहाय बालबालिकाहरुको शिक्षाका लागि अक्षयकोष स्थापना गर्न सांस्कृतिक कार्यक्रमको आयोजना गरी त्यसबाट रकम संकलन शुरु गरेको र त्यो हाल आएर पूरा भएको उनले बताए । उनका अनुसार पहिलो प्राथमिकता भूमिहीन भएका झापाली समाज युएईका आजीवन सदस्यका छोराछोरीहरुलाई र त्यसपछि टुहुरा तथा असहाय बालबालिकाहरुलाई र भूमिहीन भएका एकल महिलाका छोराछोरीहरुलाई सहयोग गरिने छ ।

कार्यक्रममा असहाय बालिकाहरु अर्जुनधारा-९की झर्ना शाक्य र कनकाई २की जानुका पराजुलीलाई शैक्षिक सामग्री प्रदान गरेर अक्षयकोषको शुरुवात गरिएको थियो ।

कार्यक्रम संयोजक तथा झापाली समाज युएई नेपाल सम्पर्क समितिका अध्यक्ष जगत लुइँटेलको अध्यक्षता तथा कनकाई नगरपालिकाका नगर प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा झापाली समाज युएईका संस्थापक उपाध्यक्ष राजेन्द्र दाहालले स्वागत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख पोखरेलले झापाली समाज युएईले गरेको कार्यको प्रशंसा गर्दै २५ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए ।

कार्यक्रममा झापाली समाज युएईका अध्यक्ष अशोक चापागाँई, निवर्तमान अध्यक्ष रोहितकुमार भण्डारी, संस्थापक उपाध्यक्ष मोहन शिवाकोटी, अन्तर्राष्ट्रिय झापाली समाजका वरिष्ठ उपाध्यक्ष दीपक खनाल, एक्सेल डेभ्लपमेन्ट बैंकका सिइयो दिनेश पोखरेल, सनराइज वैंकका श्याम गुरुङ, चतुर्भुज काफ्ले लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सोही कार्यक्रममा अक्षयकोष स्थापना गर्न सहयोग गर्ने एक सय ४३ भन्दा बढी दाताहरुलाई सम्मान गरिएको थियो । सोही कार्यक्रममा सुमन भट्टराईको संयोजकत्वमा अक्षयकोष सञ्चालन समिति गठन गरिएको थियो ।

समितिको सचिवमा सुनिल चौहान रहेका छन् भने सदस्यहरुमा प्रेम तामाङ, इन्द्र भण्डारी, प्रदीपकुमार संग्रौला, रुक्मान थापामगर, हरि खनाल, लक्ष्मुमण काफ्ले रहेका छन् । समितिको एक महिला सदस्य पछि थप गर्ने बताइएको छ ।

त्यस्तै सल्लाहकारहरुमा रोहितकुमार भण्डारी, मणि सुवेदी र भरत शिवाकोटी रहेका छन् । कार्यक्रमको सञ्चालन आयोजक समितिका सचिव भरत शिवाकोटीले गरेका थिए ।

## प्रतिबन्धित ...

नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल बैश्यले सरकारले शक्तिबर्द्धक पेयपदार्थमा रोक लगाएपछि अदालतले बिक्रीका लागि अनुमति दिएको बताए । उनका अनुसार सरकारले प्रतिबन्ध लगाइरहँदा धेरै व्यवसायीले विदेशबाट माल मगाइसकेका थिए । केही व्यवसायीले मगाएको पेयपदार्थ बन्दरगाहसम्म आइपुगेको नन्दलाल बैश्यले बताए ।

## डाक्टर ...

आरोप लगाए । थापाले संविधानप्रदत्त मौलिक अधिकारका रुपमा रहेको निःशुल्क स्वास्थ्य जनताले पाउने ग्यारेन्टी सरकारले गर्नुपर्ने माग गरेका छन् ।

यस्तै, उपत्यका बाहिर सरकारले मेडिकल कलेज संञ्चालनको अनुमति दिनुपर्ने, वंगलादेश विमानमा मृत्यु भएका बिद्यार्थी डाक्टरको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, सरकारी तलब भत्ता खाने कोही कर्मचारीले राजनीति गर्न नहुने लगायतका माग थापाले अघि सारेका छन् ।

## नवजात ...

गुमाएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख होमप्रसाद अधिकारीले दुर्घटना न्यूनीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको बताए पनि दुर्घटनामा कमी आएको छैन् ।

दशैंको अवधिमा छ महिने शिशुसहित एक महिला र चार जना पुरुषले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । सोही अवधिमा भएको दुर्घटनामा १० जना पुरुष र तीन महिला गम्भीर घाइते भए भने १९ जना सामान्य घाइते भएको जनाइएको छ ।


## बिमालेख हरायो

झापाको डाँगीवारीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७६/०५/१७ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- भूमिका उप्रेती
**ठेगाना**:- डाँगीवारी-६, झापा
**हाल ठेगाना**: बाह्रदशी-६, झापा
**पोलेसी नं.**:- ११००१७५४०
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.
फोन नं. ९८४१८१५०३३

## भिटा विक्रीमा

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
**२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम । अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।**
**मो. ९८२३७२६९७९**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्न परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

## श्री मोहनमाया माध्यमिक विद्यालय

बिर्तामोड न.पा. २, झापा

**CTEVT बाट सम्बन्धन प्राप्त ३ बर्षे Diploma in Hydropower Engineering मा भर्ना खुल्यो ! Admission open !**

**कुल सिट संख्या :- ४८ जना**

यस श्री मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड न.पा.- २, चारपाने झापामा यसै शैक्षिक सत्र (२०७६/०७७) का लागि डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरिङ्ग विषयमा भर्नाका लागि CTEVT पनिकाद्वारा शैक्षिक सत्र २०७६/७७ मा लिइएको डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण सूची (Cut Off List ) मा रहेका इच्छुक परीक्षार्थीहरुलाई विद्यालयमा सिधा सम्पर्क गर्नुहुन साथै अन्य इच्छुक विद्यार्थीहरुको लागि प्रवेश परीक्षामा सामेल हुन फारम वितरण भइरहेको सूचना सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**यस हाइड्रोपावर इञ्जिनियरिङ विषयका विषेशताहरु :**
१) विभिन्न जलविद्युत परियोजनामा रोजगारीको अवसर भएको ।
२) सिमित जनशक्ति उत्पादन हुने भएकोले हाइड्रोपावर इञ्जिनियरिको अत्याधिक माग रहेको ।
३) विद्युत् प्रणाली तथा सव-स्टेसनहरुमा हाइड्रोपावर इञ्जिनियरहरुको अत्याधिक माग रहेको ।
४) नेपाल विद्युत् प्राधिकरणको विद्युत् उत्पादन र अन्य क्षेत्रमा स्थायी रोजगारीको अवसर भएको ।
५) विभिन्न निजी क्षेत्रद्वारा सञ्चालित विद्युत् उत्पादन गृह र विद्युत् परियोजनामा रोजगारीको अवसर भएको ।

**फारम पाइने र बुझाउने स्थानः-** CTEVT को वेभसाइट WWW.CTEVT.ORG.NP बाट डाउनलोड गरी वा विद्यालयबाट लिइ रीतपूर्वक भरी मोहनमाया माध्यमिक विद्यालयमा बुझाउनु पर्नेछ ।
**फारम वितरणः-** २०७६ असोज १७ गतेबाट
**फारम बुझाउने अन्तिम मितिः-** २०७६ कात्तिक १ गतेसम्म
**प्रवेश परीक्षा शुल्क :-** रु.१,५००।-
**प्रवेश परीक्षा मितिः-** २०७६ कात्तिक १४ गते विहीबार, बिहान ८:०० बजेदेखि
(Cut Off List मा रहेका परीक्षार्थीहरुले प्रवेश परीक्षामा पुनः सामेल हुन नपर्ने । )
**आवेदन फारमका साथ पेश गर्नुपर्ने कागजातहरुः-**
क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको MRP साइज (35 mm x 45 mm) को २ प्रति रंगीन फोटो ।
ख) S.L.C. jf T.S.L.C. jf S.E.E. (गणितमा र विज्ञानमा C साथै अंग्रेजीमा D+ ग्रेड प्राप्त) वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
ग) जन्मदर्ता वा नागरिकताको प्रमाणित प्रतिलिपि ।
घ) अन्य जानकारीको लागि विद्यालयमा सर्म्पक गर्नहुन जानकारी गराइन्छ ।
**सम्पर्कः- ९८४२७१४३५५, ९८४२६२५३८१, ९८४२७०४७३४, ९८०३४७०१६० ,९८४२७५०१८१**

**शेरबहादुर श्रेष्ठ : प्रधानाध्यापक**

## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा

### कृषि औजार तथा उपकरणहरु अनुदानमा प्राप्त गर्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७६।०६।२८**

शिवसताक्षी नगरपालिकाको आ.व. २०७६।०७७को कृषि विकासतर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कृषि औजार तथा उपकरणहरु अनुदानमा वितरण गरिने भएको हुँदा अनुदान प्राप्त गर्न इच्छुक कृषिक समूह तथा कृषि सहकारीहरुलाई मिति २०७६।०७।२७ गतेसम्ममा नियमानुसारको प्रस्ताव पेश गर्नको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी पेश हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

| सि.नं. | कृषि उपकरण तथा औजार | अनुदान |
|---|---|---|
| १ | २० HP पावर टिलर (20 HP Power Tiller) | ५० |
| २ | मकै छोडाउने मेसिन (Corn Sheller) | ५० |
| ३ | साना सिञ्चाई मोटर (Kirloskar Water Pump) | १०० |
| ४ | धान काट्ने रिपर (Paddy Reaper) | ७५ |
| ५ | मकै रोप्ने मेसिन (Double Barrel Corn Planter) | ५० |
| ६ | स्प्रेटेंकी (Pesticide Spraytank) | ५० |

**समूह वा संस्थाले प्रस्तावको साथमा पेश गर्नुपर्ने कागजातहरु**
१) समूह वा संस्था दर्ता/नवीकरणको प्रमाणपत्रको प्रतिलिपि
२) समूह/ संस्थाको निर्णयको प्रतिलिपि
३) वडा कार्यालयको सिफारिस

**व्यक्तिगत कृषकको लागि प्रस्तावको साथमा पेश गर्नुपर्ने कागजातहरु**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२) वडा कार्यालयको सिफारिस
३) जग्गा धनीदर्ता प्रमाणपत्रको प्रतिलिपि वा लिजमा लिएकोमा सम्झौताको प्रतिलिपि

नोटः १ सि.नं. ५ अन्तर्गतको मकै रोप्ने मेसिन र सि.नं. ६ अन्तरगतको स्प्रेटंकी अनुदानमा प्राप्त गर्नको लागि व्यक्तिगत रुपमा कृषकहरु समेत योग्य हुनेछन् ।
२) प्रस्ताव सम्बन्धि नगरपालिकाको कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।

**सुरेन्द्र दाहालः नि. प्रमुख प्रशासकीय अधिकृत**

## कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
प्रदेश नं १, नेपाल

### बोलपत्र स्वीकृतिको आशयको सूचना

**प्रकाशन मितिः२०७६/०६/२९**

यस नगरपालिकाले मिति २०७६/०५/१३ गते र सो पछिका संशोधित सूचना अनुसार दाखिला भएका बोलपत्रहरुमध्ये तपशिलका बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएकोले सम्बन्धित सबैको जानकारीका लागि ७ दिने बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | कबोल अकं | दरभाउ पत्रदाताको नाम र ठेगाना | निर्णय |
|---|---|---|---|---|
| १. | कनकाई नगरपालिकाले तोकिएको क्षेत्र (विरीङ खोला) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारद्वारा तोकिएको दररेट बमोजिम नदीजन्य सामग्री सकंलन र बिक्री ठेक्का नं. KANAKAI/IR/01/076-77 | १,६०,००,०००।- (अक्षरेपी रू. एक करोड साठी लाख रुपैयाँ मात्र) | मधुसुधन निर्माण सेवा दमक-७ | २०७६।०६।२८ |
| २. | विरीङ खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा नै लिइने सडक सुधार शुल्क, ठेक्का नं. KANAKAI/IR/02/076-77 | ४५,६५,१६०।- (अक्षरेपी रु.पैतालीस लाख पैसठ्ठी हजार एक सय साठी मात्र) | मिन्सुना निर्माण सेवा कनकाई-७ | २०७६।०६।२८ |

**हरिप्रसाद मिश्रः नि. प्रमुख प्रशासकी अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेससिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सताक्षीधाम र आसन्न कोटीहोम

**झापाको धार्मिक पर्यटकीय स्थलका रुपमा रहेको सताक्षीधाममा भक्तजनहरुको आवागमन बाक्लो हुन थालेको छ । प्राकृतिक वातावरणका कारण समेत रमणीय रहेको सतासीधाममा केही वर्षयता बर्षेनि धार्मिक अनुष्ठानहरु भइरहेका छन् । यसैक्रममा यो वर्ष कोटीहोमको आयोजना गर्न लागिएको छ । पाँच वर्षअघि सो स्थानमा गोलोक गोवर्द्धन गौशाला स्थापना गरिएपछि गाईको महत्व, आवश्यकता, शास्त्रीय भनाइ र वैज्ञानिक तथ्यका आधारमा प्रचारप्रसार गर्ने काम भइरहेको छ । गृहस्थ जीवनमा रहेकाहरुले आयोजना गर्न नसक्ने तर पर्यावरणीय दृष्टिले अत्यन्त महत्वको रहेको कोटीहोम झापामा पहिलोपटक योगीराज नरहरिनाथले कन्काईको पूर्वी तहमा आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेका थिए ।**

**योगीराजकै अगुवगाईमा भएको झापाको पहिलो कोटीहोम स्थल अहिले कोटीहोमका नामले सुपरिचित छ । सताक्षीधाम एक सय आठ कुण्ड निर्माण गरी सत्ताइस हजार किलोग्राम 'चरु' होम गरिनेछ । आयोजकले यसका लागि एकहत्तर लाख खर्च हुने जनाएको छ । कोटीहोममा सहभागी हुन आउनेहरुका लागि पैंतीस वटा कुटी बनाइने र त्यसमा एक सय चालीस जना विदेशी अतिथि बस्न सक्ने बताइएको छ । कोटीमोममा अष्टोत्तरशत् कुण्डीय श्री गोपाल महायज्ञ एवम् श्रीमद्देवीभागवत कथा महोत्सव समेतको आयोजना हुँदैछ । गौशाला स्थापना भएपछि नेपालको संविधान र सनातनी परम्पराभित्रको गौवंशको संरक्षण गर्न थालिएको छ । यसका कारण त्यस क्षेत्रका मात्र होइन टाढा–टाढाबाट समेत गौशालामा गाई ल्याउने गरेको पीठाधीश आचार्य नन्दकिशोर भारद्वाजले जनाएका छन् ।**

**वैदिक सनातन संस्कृति सम्पूर्ण विश्वको मूल संस्कृति हो । पश्चिमा मुलुकहरु समेत यसबेला पूर्वीय दर्शन र संस्कृतिबाट आलोकित हुन थालेका छन् । यसो हुनुका पछि वैदिक संस्कृतिभित्र रहेको वैज्ञानिक तथ्य र प्रमाण हुन् । इतिहासदेखि नै हिन्दू धर्म सापेक्ष रहेको नेपाल पछिल्लो संविधानपछि निरपेक्ष बनिएको छ । यो सँगै हिर्न्दूधर्म र हिन्दूत्वमाथि चौतर्फी आक्रमण भइरहेको छ । यही अवस्थाबाट गुज्रिएको नेपाली जीवनमा यस्ता धार्मिक धरोहरहरुको प्रचारप्रसारलाई व्यापक बनाउने खाँचो छ । अझ वेदध्वनि, शंख, घण्ट लगायतले वायुमण्डलीय प्रदुषणलाई कम गर्दै पृथ्वीको सन्तुलन कायम राख्ने विज्ञहरुले उल्लेख गरेका छन् ।**

**नेपाल सन् २०२० लाई भ्रमण वर्षका रुपमा मनाउन अग्रसर छ । आन्तरिक एवम् वाह्य पर्यटन प्रवर्द्धनको माध्यमबाट लाखौं पर्यटक भित्र्याएर आर्थिक विकासमा समेत टेवा पुग्ने गरिको कार्यक्रम सञ्चालन गर्नुको आवश्यकता हो । यही आवश्यकता पूरा गर्न पनि सताक्षीधाममा हुन लागेको धार्मिक महायज्ञले सहयोग गर्नेछ । आयोजकले नेपाल बहेकका बीस हजारभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य बनाएको महोत्सवमा डेढ लाखभन्दा बढी आन्तरिक पर्यटकको सहभागिता रहने अपेक्षा गरिएको छ । केही वर्ष अघिसम्म ओझेलमा परेको सताक्षीधाम अहिले स्थानीयबासी, संघ–संस्था एवम् धर्मप्राण महामनाहरुको सेवा र समर्पणका कारण सरकारको दृष्टिमा समेत परेको छ । यो र यस्ता पर्यटकीय क्षेत्रहरुलाई सेवा, सुविधा एवम् प्रचारप्रसारका माध्यमबाट गन्तव्य बनाउन सकिए राष्ट्रको उन्नतिमा समेत सहयोग पुग्ने निश्चित छ ।**

सामाजिक सञ्जाल



खाद्यान्न, स्वास्थ्य, शिक्षा, कृषि लगायतमा जबसम्म माफिया हावी हुन्छन् तबसम्म आमजनता सुखी हुनै सक्दैनन् ! समृद्ध नेपाल, सुखी नेपालिका लागि यी क्षेत्रका माफिया र विचौलियालाई निस्तेज पार्नु अनिवार्य आवश्यकता हो !

**– केशव भट्टराई**



दुबै छिमेकीसँगको हाम्रो सम्बन्ध ऐतिहासिक र विशिष्ट छ । उच्चस्तरका भ्रमणले सहयोग आदानप्रदानका ढोका पनि खुल्दै जान्छन् । तर, त्यसलाई परिणाममा, जनताको जीवनमा जोड्न काम गर्नुपर्छ हाम्रै संयन्त्रले, राजनीतिले, कुटनीतिले । मेसिन पुरानै राखेर नयाँ के आउला र ? आशा गरौं तर आलोचनात्मक बनौं ।

**– केशव दाहाल**

# जाने श्रीखण्ड, नजाने खुर्पाको बिँड



**चिन्तामणि दाहाल**

**थालनी :**

दुई दिनअघि चिनका राष्ट्रपति सि जिनफिङले नेपालको दुई दिने औपचारिक राजकीय भ्रमण गरे । नेपाललाई भौतिकरुपमा केही दिए भने मानसिकरुपमा पनि केही अर्ती र उपदेश दिए । उनको शालिन र माझिएको कुटनीतिकासामु नेपाली कुटनीतिज्ञहरुले के–कति बुद्धि पुऱ्याएर व्यवहार गरे त्यसको परिणाम भविष्यले देखाउँछ । तर, विदाइका बखत सिको बडी ल्याङ्ग्वेजले भने उनी नेपालको आतिथ्यबाट प्रभावित भएको देखिएको छ ।

समकक्षी विद्यादेवी भण्डारीले सोल्टी होटलमा आयोजना गरेको रात्री भोजमा सिले नेपाली नागरिकहरुको समृद्धिका लागि भनेर ५६ अर्ब रुपैयाँ अनुदान दिने र केरुङरुस्याफ्रुवेंसी सुरुङ मार्ग निर्माण तथा काठमाडौं र लुम्बिनीसम्मको रेल निर्माणको सम्भाव्यता अध्ययन गरिदिने आश्वासन दिएर नेपाललाई भुपरिवेष्ठितबाट भुजडित बन्न सहयोग पुग्ने आशा व्यक्त गरे । तर, उनले दिन्छु भनेको ५६ अर्बको सहयोग नयाँ हो कि नियमित सहयोगभित्रैको हो भन्ने नेपाली पक्ष यो आलेख छापिएको अवस्थासम्म पनि जानकार छैन । त्यसो भए के कस्तो लविङ गरे त नेपालका कुटनीतिज्ञहरुले चिनियाँ कुटनीतिज्ञहरुसँग भन्ने अहम् सवाल खडा भएको छ ।

१८ बुँदे समझदारी, दुई बुँदे लेटर अफ एक्सचेन्जमा हस्ताक्षर पछि विदा भएका सिका कुटनीतिज्ञ र नेपालका कुटनीतिज्ञहरुले १४ बुँदे संयुक्त वक्तव्य पनि जारी गरेर भ्रमण सफल भएको सन्देश दिएका छन् । यी सबैबाटा नेपाल र चिनवीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका छन् भने विपक्षी दलका नेताहरुले पनि सिको भ्रमण नेपालका लागि राम्रो भएको प्रतिक्रिया दिएका छन् । सिले दुईवटा महत्वपूर्ण कुरा राखेका छन् एक भएका समझदारीको इमान्दार कार्यान्वयन र दुई, सत्तामा टिकीरहन जनताको मन जित्नुपर्छ र अनुशासन, नैतिकता र चरित्र पनि राम्रो हुनुपर्छ ।

**प्रभाव :**

सिले नेपाली जनतामाझ राम्रो प्रभाव छोडेका छन् । सिको व्यक्तित्व, कार्यशैली र विचार प्रभावकारी देखिएका छन् । एक अर्ब ३० करोड जनताका नेतामा हुनुपर्ने क्षमता सीमा देखिएको छ । सिले आफ्नो देशको प्रगति र उन्नतिमा गरेको योगदानकै कारण उनी दोश्रो पटक सत्ताको शिखरमा छन् भने उनले चाहेसम्म राष्ट्रपति बन्न पाउने संवैधानिक बाटो पनि बनाइसकेका छन् । यस्ता स्थायी सत्ताधारीसँग भएका समझदारीको महत्व हुने र कार्यान्वयन पनि हुने भएकोले सिको आश्वासनलाई नेपाली जनताले पत्याएका छन् । उनले लिएको राजनीतिक बाटो अलोकतान्त्रिक हो भन्ने प्रष्ट भएर पनि उनले जनताको मन जित्नुपर्छ भनेकोबाट उनमा लोकतन्त्रमा विश्वास छ भन्ने देखाउँछ । त्यसैले उनी अधिनायकवादी शासक भए पनि उदारवादी भावना भएका शासक गनिएका छन् । सिको शासनबाट दिक्क भए वा अधिनायकवादलाई मान्ने वा नमान्ने निर्णय गर्ने अधिकार चिनियाँ जनतामै भएकोले चिनियाँ जनता सडकमा नआएसम्म हामीले टाउको दुखाइरहनु जरुरी भएन ।

**परिणाम :**

सि आए, गए । केही दिए, केही दिनेवाला छन् । सम्बन्ध राम्रो हुँदै गए नेपालले अझै पाइरहनेछ । तर, चीनले अनुदान वा ऋण दिएर सहयोग गरेका एक दर्जन जति देशहरु अहिले समस्यामा छन् । चीनबाट ऋण लिएर बनाएका आयोजना गरिबलाई हात्ती पाल्नु झैं कठिन भएर उसैलाई लिजमा दिएका निकै उदाहरण देखिएका छन् ।

पाकिस्तान, लाओस, किर्गिस्तान, ताजिकिस्तान, श्रीलंका, अफ्रिकी देश जिबोटी, माल्दीव्स, मंगोलिया, मोन्टेनिग्रो, इथियोपिया, केन्या आदि सबै देशले चिनसँग थुप्रै ऋण लिएका छन् । तर, पनि उनीहरु आर्थिक समस्यामा छन् । पाकिस्तानले चीनबाट २५ अर्ब अमेरिकी डलर ऋण लिएर पनि आर्थिक समस्या झेलिरहेको छ । श्रीलंकाले चीनको ऋणमा बनाएको बन्दरगाह चलाउन नसकेर चीनलाई नै ९९ बर्षको लिजमा दिएको छ ।

यही अवस्था लाओसको पनि छ । त्यसैले ऋण या अनुदानमा पायो भनेर जुन पायो त्यही आयोजना बनाउँदा भोलि ती आयोजना नेपालका लागि फिजिवल भएनन् भने कसरी थाम्ने भन्ने समस्या आउन सक्छ । यसै प्रसंगमा एउटा कथा छ । एकदिन एकजना गरिबले आफ्नो गरिबी हटाउन राजालाई भेटर केही माग्ने विचार गरेछ । राजाले पनि भेट दिएछन् । अनि राजाले ल यो हात्ती लगेर पाल अनि कमाई खा भनेर हात्ति दिएछन् । विचरा गरीब, राजाले दिएको हात्ती घरमा लिएर आएछ । तर, हात्तीलाई ख्वाउने दाना दिन नसकेपछि त्यसले त्यो हात्ती राजालाई फिर्ता गरेछ ।



नेपाललाई चीनले रेल बनाई दिने भनेर भनेको छ । बनाइ पनि दिन्छ होला । बन्यो भने नेपालले त्यसलाई मेन्टेन गर्न नसकेर कतै त्यो रेल सञ्चालन गर्न चिनलाई नै लिजमा दिनुपर्ने अवस्था त आउँदैन भन्ने विचार गर्नु आवश्यक छ । बरु, सुरुङ मार्ग नेपालका लागि आवश्यक र फिजिवल पनि छ । यसको उपयोग पनि प्रशस्त हुन्छ । रेलका लागि चीनबाट त सामान आउलान्, तर नेपालबाट रेल रित्तो गयो भने हुने घाटा थामी नसक्नु हुन्छ ।

भारत जस्तो देशमा चलेको रेल त घाटामा गएको छ भने नेपालले रेललाई धान्न सक्छ सक्तैन भन्ने कुरामा बृहत विचार विमर्श हुनु जरुरी छ । हुन त चीनले अहिलेसम्म उसले ऋृण वा अनुदान दिएका आयोजना धेरैजसो असफल भएकाले त्यसबाट पाठ सिकेकोले राम्रो विश्लेषण गरेर मात्र नेपालले प्रस्ताव गरेका आयोजनालाई सहयोग वा ऋण देला नै । होइन भने त्यसको परिणाम नेपालका लागि सुखद् हुँदैन ।

अहिले प्रतावित केही आयोजना छन् ती सामान्य खालकै छन् । तमोर र मादी जलविद्युत् आयोजना बनाउन अध्ययन गरिने भएको छ । तमोरको ७५६ मेगावाट र मादीको १५६ मेगावाट गरी ९१२ मेगावाट विद्युत् उत्पादन भएपछि खपत कहाँ गर्ने व्यवस्थाका बारेमा समझदारी पत्रमा उल्लेख छैन । तमोर बन्नु पूर्वको लागि राम्रो हो । तर, उत्पादनको उपभोग नेपालभित्रै हुन सक्तैन । यसलाई सप्लाई गर्न ट्रान्समिसन लाईन पनि जरुरी हुन्छ । यतातिर पनि विचार गर्नुपर्छ । अर्कातिर त्यति धेरै समझदारी र १४ बुँदे सम्युक्त बक्तव्य जारी गर्दा पनि चीनसँगके व्यापार घाटा कम गर्ने रणनीतिलाई नेपालले अघि सार्न सकेन ।

यी त भए नेपालले ह्याण्डल गर्न सक्ने विषय । तर, अर्को खतरनाक हुन सक्ने पक्ष के हो भने अब नेपालले चीनसँगको आक्रामक मित्रताको उपयोग गर्न सक्यो भने त्यो श्रीखण्ड हुन्छ । गर्न जानेन भने खुर्पाको बिँड हुन्छ । खुर्पामा त अरु काठबाट पनि बिँड बनाउन सकिन्छ । श्रीखण्डको काठ खेर फाल्नु पर्दैन । अहिलेसम्म चिनले नेपालसहित दक्षिण एसियाली राष्ट्रहरुसँग शान्त कुटनीति चलाउँदै आएको थियो भने अब ऊ बिआरआइको नीति लिएर आक्रामक सम्बन्ध विस्तारमा अघि बढेको छ ।

अहिलेकै सन्दर्भ हेरौं । सि नेपाल सोझै आएनन् । त्यसअघि उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्न गए । उनीहरुबीच विवेकपूर्ण सम्बन्ध विस्तार गर्दै जाने सहमति भएको छ । अब नेपालले चिनियाँ कार्ड खेल्न सक्ने छैन । नेपालले भारत र चीनसँग समझदारीपूर्ण सम्बन्ध राख्न सकेन भने समस्या हुन्छ । चीनले बाटो दिएपछि भारतले पनि समुद्रसम्म पुग्न नेपाललाई निर्वाध बाटो दिन कर लाग्ने भएकोले अब नेपाल सिले भने जस्तै भुपरिवेष्ठितबाट भूजडित राष्ट्र बन्ने पक्का भएको छ । तर, कहिलेसम्ममा त्यो प्रष्ट छैन । कतै हाम्रा नेताहरुले बोल्न नजानेर भारत र चीन दुबैको पेलाईमा परिने हो कि भन्ने चिन्ता बेलाबखत आउने गर्छ ।

# विश्व खाद्य दिवस र नेपाल

**राजेशचन्द्र राजभण्डारी**

आज हामीले विश्व खाद्य दिवस धुमधामका साथ देशभरी मनाइ रहेका छौं । हाम्रो देशको पहिचान के हो हामीले धेरै पहिला नेपाललाई कृषि प्रधान देश भनेर चिन्ने गर्दथ्यौं । अहिले हाम्रो देशको नारा परिवर्तन भएको हो त हामी अहिले नुन, दाल, चामल सबै बेसाएर खाने भएका छौं । अहिले हामी कृषि प्रधान देश नेपालका जनता हैन अहिले हामी सबै-सबै कुरामा बिदेशतर्फ निर्भर भएका छौं । अहिले हामीले हाम्रो देशमा भएको कृषि उब्जनी बिदेशलाई होइन बिदेशमा भएको उब्जनी किनेर ल्याएर खाने अबस्थामा पुगेका छौं ।

अहिले हामीले विश्व खाद्य दिवस मनाउँदै गर्दा हामीले भन्ने नारा के छ त अहिले सायद हामी कुनै जमानामा कृषि प्रधान देश थियौं । हामीले हाम्रो देशमा बढी भएको चामल मकै गहुँ बिदेशमा लगेर बिक्री गर्ने गर्दथ्यौ अहिले पनि देश कृषि प्रधान नै हो, तर नामको मात्रै अहिले हामीले हिजो खेती गर्ने जग्गा जमिन कि त अधिकांश बाझो छ कि त अहिले गाउँदेखि शहरसम्म सबै घडेरी प्लटिङ गरेर चिराचिरा पारिएको छ ।

नेपाल सरकार छ कि छैन भनेर सोध्यो भने सबैले सहजरूपमा जवाफ दिन्छन् । देशमा सरकार छ, मन्त्रीको कुरा गर्ने हो भने अहिले जिल्ला-जिल्लालाई मात्रै होइन गाउँ-गाउँलाई समेत मन्त्री बनेका छन् । देशमा कृषि मन्त्री बन्छन् । असार १५ मा धान दिबसमा रोपाइ गर्न जान्छन्, धान रोप्छन् मन्त्रीले महिलासँग रमाइलो गर्न खोज्छन् अनि देशमा मन्त्री फेरिन्छ कृषिको बिकास नभए पनि धान दिबसमा रोपेको धान हिउँदमा राम्रोसँग फले पनि नफले पनि न त मन्त्रीलाई केही चिन्ता छ न त कृषि बिकास कार्यालयलाई कुनै पश्यताप नै छ ।

अहिले देशलाई चाहिने चामल, दाल, लसुन, तरकारी खसी बोका तिहारलाई चाहिने फूल समेत बिदेशबाट आउने भएपछि कसैलाई केही चिन्ता भने छैन । अहिले त खाली हातमा पैसा भए पुग्छ । हामीलाई चाहिने सामान अहिले बजारमा जति बेला पनि सहजै पाइने भएपछि किन यहाँ खेती गरेर टाउको दुखाइ राख्नु पऱ्यो । अहिले देशमा दिवसको कुरा गर्ने हो भने न त गनेर साध्य छ न त भनेर साध्य छ एक बर्षमा तीन सय ६५ दिन हुन्छन् त्यो भन्दा बढी दिवस पर्छन् अहिले खाद्य दिवस मनायो फेरि अर्को साल दिवस मनाउने बेलामा मात्रै थाहा हुन्छ हामीलाई अहिले दिवसहरू पनि खाली औपचारिकता मात्र भएको छ खाली मनाउनको लागि मनाउने यस्तो खालको नीति ले हामीले के प्रगति गर्न सक्छौं । अनि देशलाई कसरी आत्मनिर्भर बनाउन सक्छौ अनि कसरी हामी खाद्यान्न देशमा उत्पादन गर्न सक्छौ कसैलाई केही मतलब छैन न त चासो नै ।

देशमा ठूलो राजनीति परिवर्तन भए देशबाट दुई सय ४० बर्ष पुरानो राजतन्त्रको अन्त्य पनि भयो । तर, अहिले खाली राजनीति मात्रै परिवर्तन भयो तर देशको बिकास गर्ने कुरामा भने कुनै नीति परिवर्तन भए जस्तो लागेन जहाँ जुनसुकै ठाउँमा हेर्दा पनि आशा लाग्दो ठाउँ देखिँदैन



अहिले पनि देशको ठूलो जनशक्ति बिदेशमा गएका छन् । दिनहुँ १५ सय युवा रोजगारीको लागि बिदेश गइरहेका छन् । यिनीहरुलाई स्वदेश मै रोजगारी दिने हाम्रो सरकारसँग न त कुनै कार्यक्रम छ न त नीति नै छ भने अहिले सरकारले सबैभन्दा सजिलो ब्यापार छ भने सरकारले राहदानीको ब्यापार गर्न भने भ्याइ-नभ्याई छ ।

बिदेश जान खोज्ने युवालाई सरकारले भनेको समयमा राहदानी डबल पैसा दिँदा समेत उपलब्ध गराउन सक्दैन भने यहाँ रोजगारी दिने कुरा त धेरै परको बिषय भयो । हामी कृषि प्रधान देशका जनता किन आज यस्तो अबस्थामा पुग्यौं त भन्ने कुराको हेक्का राख्ने कसले जसले देश र जनताको पक्षमा नीति बनाउने हो उसलाई अहिले फुर्सद छैन सरकार परिवर्तन गर्ने र मन्त्री बन्ने खेल कै कारण पनि कुनै कृषि नीति सफल छैन ।

अहिले हाम्रो सरकारको काम भनेको दलालीको मात्रै भएको छ बिदेशीको सामान बिक्री गरिदिने मध्यस्थता गरिदने । हाम्रो देश साच्चिकै कृषि प्रधान होइन भने अबदेखि यो पुरानो नारालाई हटाउनु जरुरी छ । होइन भने सधैं-सधैं नुनदेखि चामल तरकारी सबै बिदेशबाट आयात गर्ने हो भने भोलिका दिनमा कसरी हामीले हाम्रो छोराछोरीलाई बिहान-बेलुकी भात खुवाउने त्यो बिषयमा पनि अहिलेदेखि गम्भीर बन्न जरुरी छ । अहिले भएको हाम्रो खेतबारी सबै बाझो राखेर अहिले युवा जनशक्ति बिदेश गएपछि गाउँमा भएका परिवार समेत शहर बजार झरेपछि गाउँमा झन् अवस्था नाजुक बन्दै गैरहेको छ ।

सबै हामी बजारमुखी बनिसकेका छौं, बजार केही कुरा पाइएन भने हाम्रो घरमा चुल्हो बल्दैन आफ्नो करेसाबारी बरू खाली होस् । तर, हामीले हामीलाई चाहिने सागपात पनि उमार्नेतिर लाग्दैनौं अहिले काम गरेमा हामीले हाम्रो इज्जत मान प्रतिस्था घटेको महशुस गर्दछौं । हाम्रो आफ्नो पनि कमी-कमजोरी छन् । हामीले सबै दोष सरकारलाई राजनीति पार्टीलाई दिएर पन्छिन खोज्छौं । अहिले हामीले बहस गर्नुपर्ने बिषय देशलाई कसरी स्वाधीन बनाउने कसरी आत्मनिर्भर बनाउने भन्नेतर्फ नै हुन जरूरी छ ।

सधैं-सधैं हामीले किनेर खाने बानी भए भोलिका दिनमाले भित्र्याउन सकेका छौं । सरकार परिवर्तन भएपिच्छे नीति फरक अस्थिर राजनीति कै कारणले पनि देशमा भएको उद्योगधन्दा कलकारखाना समेत सहजरूपमा चल्न सकेका छैनन् । बन्द-हड्ताल भन्ने कुरा त सामान्य नै भयो देशमा गणतन्त्र आयो अब देश मै काम गरेर खानपाइने भयौ भनी खुशी भएका नेपाली युवा जनशक्ति अहिले निराश बनेको समयमा अहिले बामपंथी र प्रजातान्त्रिक शक्तिबीच हुन लागेको ध्रुवीकरणले देशमा स्थायी सरकार बन्ने नयाँ आर्थिक कार्यक्रम अगाडि आउने आशा पनि पलाएको छ ।

हामीले हिजोका दिनमा धेरै गफ चुटेर खायौं अब भने देशमा सात वटा प्रदेश बनिसकेको छ भोलि प्रदेश सरकार चलाउन बिकास गर्न पनि बजेट चाहिन्छ त्यो कसरी पुऱ्याउने भन्ने नीति बनाउन जरुरी छ । सधैं-सधैं मागेर देशको बिकास हुन सक्दैन अब आफ्नो गाउँको बिकास गर्न क्षेत्रको प्रदेशलाई आत्मनिर्भर बनाउन पनि अब राष्ट्रबादी अर्थनीति नबनाई हुँदैन खाली बिदेशीले दिएको ऋण र अनुदानले देश चल्न सक्दैन ।

अहिले हाम्रो राष्ट्रवाद भनेको सन्यासीको जस्तो भएको छ पशुपतिनाथमा गएर खान दिए पशुपतिनाथ को जय भन्ने गोरखनाथमा गएर खान दिए गोरखनाथकी जय भन्ने रास्ट्रवाद भएसम्म देशको बिकास हुन सक्दैन । अब साच्चिकै देशमा आर्थिक बिकास गर्न सबै कम्मर कसेर लाग्न जरूरी छ । देश धनी नभएसम्म हामी नेपाली कहिले पनि धनी हुन सक्दैनौं । देश धनी भएमात्रै हामीलाई बिश्वले हेर्ने दृष्टिकोण पनि परिवर्तन हुन्छ हाम्रो देशका पूर्व प्रधानमन्त्री मन्त्री नेताहरू बिदेश जादाखेरी किन तल्लो तहको व्यवहार गर्छन् । बिदेशीहरूले भन्दाखेरी हाम्रो देश गरीब भएर हो हामी सधैं बिदेशीसँग मागेर खाने भएको हुनाले पनि सधैं हेपिएका हौं ।

हामीलाई एक बर्षमा कति चामल, गहुँ, कोदो, मकै चाहिन्छ अहिले देशमा कति उत्पादन हुन्छ भन्ने सही तथ्यांक पनि हामीसँग छैन । अब सबै कुरालाई मनन गरेर अगाडि बढ्न जरुरी छ । अब गफ होइन काम गरेर देखाउन सकेमात्र अहिले भएको एकता सार्थक हुनेछ ।

# मिनी चिडियाघरमै वन्यजन्तु असुरक्षित

**झापा, असोज २८।** पर्यटक आकर्षणका लागि झापाका थुप्रै सामुदायिक वनले मिनी चिडियाघरका नाममा पालेका वन्यजन्तु असुरक्षित भएका छन् ।

मेचीनगर-११ मा रहेको बाँसबारी सामुदायिक वनमा तारजालीको कडा घेराभित्र पालिएका चार वयस्क हरिणलाई एक महिनाअघि कुकुरले चिथोरेर मारेपछि चिडियाघरका वन्यजन्तुको सुरक्षामा प्रश्न उठन थालेको छ । एकैखेपमा यति धेरै दुर्लभ वन्यजन्तु मारिएपछि सर्वसाधारण, वन्यजन्तु संरक्षणमा लागेका संस्था, सञ्चारमाध्यम र सरकार सबैको ध्यान यसतर्फ तानिएको छ ।



तस्वीर : इन्टरनेट

जिल्ला वन कार्यालयबाट दुई वर्षअघि मात्र पर्यापर्यटनका लागि वन्यजन्तु पाल्ने इजाजत लिएको बाँसबारी सामुदायिक वनका अध्यक्ष शम्भू राजवंशीले जनावरको लालनपालन, उपचार र रुचिकर आहारका बारेमा उचित जानकारी नभएका कारण पालिएका वन्यजन्तु मर्ने गरेको जानकारी दिए । उनले आफ्नो सामुदायिक वनले सञ्चालन गरेको चिडियाघरमा पालिएका अजिङ्गर र निगाले बाघको बच्चा समेत मरेको बताए ।

गाउँलेले भेट्टाएका वन्यजन्तु वन कार्यालयलाई बुझाउने र वन कार्यालयले संरक्षणका लागि सामुदायिक वनहरुलाई जिम्मा लगाउने गर्दै आएका छन् । घाइते अवस्थामा उद्धार गरिएका वन्यजन्तु समेत सामुदायिक वनमै राख्ने गरिएको छ । झापा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत देवेन्द्र उप्रेतीले बाँसबारी, थोप्लेविरान, आदर्श र जुकेखाडी सामुदायिक वनले पर्यापर्यटनका नाममा वन्यजन्तु पाल्दै आएको बताए । त्यहाँका वनमा हरिण, हाडखोर, गिद्ध, बँदेल, खरायो, लाटकोसेरा, ढेडु बाँदर, बँदेल, भालु, अजिङ्गर, मृग, मलसाप्रो, खरायो, बेलायती मुसा र हुचिल, वनढाडे लगायत दुई दर्जन वन्यजन्तु र पक्षी पालिएका छन् ।

उनका अनुसार उद्धार गरिएका र घाइते अवस्थामा फेला पारिएका वन्यजन्तुलाई कार्यालयमा संरक्षण गरेर राख्ने ठाउँ नभएका कारण सामुदायिक वनलाई नै बुझाउनुपर्ने बाध्यता रहेको छ । सामुदायिक वनहरुले पालेका वन्यजन्तु उचित संरक्षणको अभावमा मरेका घटना गुपचुप हुने गरेका छन् । झापामा विगत पाँच वर्षमा १५ भन्दा बढी अजिङ्गर नै सामुदायिक वनको मिनी चिडियाखानामा मरिसकेको अनुमान छ ।

तर, यसको आधिकारिक तथ्याङ्क कुनै निकायले राखेको पाइँदैन । कालिका सामुदायिक वनले डेढ वर्षअघिदेखि वन्यजन्तु पाल्न शुरु गरेको हो । चारआली पशु सेवाकेन्द्रबाट प्राविधिक बोलाएर कर्मचारीलाई वन्यजन्तु स्याहारसम्बन्धी तालिम दिन थालिएको उक्त सामुदायिक वनका अध्यक्ष योगेश भट्टराईले बताए ।

महिनामा २३ हजार रुपैयाँ वन्यजन्तुको आहारमा खर्च हुँदै आएको र वनमा पालिएका मध्ये एउटा हरिण, दुई अजिङ्गर र केही बँदेल मरिसकेका उनको भनाइ थियो । जिल्लामा सबैभन्दा बढी वन्यजन्तु पाल्ने सामुदायिक वन कनकाइको जामुनखाडी हो ।

उक्त वनका अध्यक्ष ख्याम सिटौलाका अनुसार भालु, अजिङ्गर, मृग, मलसाप्रो, खरायो, बेलायती मुसा र हुचिल, वनढाडेलगायत दुई दर्जन प्रजातिका जीवजन्तु र चरा त्यहाँ पालिएका छन् । प्रदेश नं. १ को नमूना चिडियाघरको रुपमा इजाजत पाएको यस सामुदायिक वनमा समेत कुन बेला कति जनावर मरे भन्ने लेखाजोखा छैन ।

यहाँ हरिणको बथान नै पालिएको छ । डिभिजन वन कार्यालय झापासँग वि.सं. २०६५ यता चितुवा, अजिङ्गर, चित्तल, डल्फिन, हाडखोर लगायत १० र जङ्गली हात्ती १० गरी २० वन्यजन्तु मरेको तथ्याङ्क छ । सामुदायिक वनको चिडियाघरमा कति वन्यजन्तु मरिसके भन्ने तथ्याङ्क राख्ने गरेको पाइएन ।

सामुदायिक वनहरुले सञ्चालन गर्दै आएको मिनी चिडियाघरले आन्तरिक पर्यटन र वन्यजन्तुको संरक्षणमा योगदान पुऱ्याएको यथार्थलाई नकार्न नसकिए पनि आम्दानी दिने चिडियाघरमा पालिएका निरीह वन्यजन्तुको सुरक्षा, स्याहार र उपचारमा पर्याप्त ध्यान पुग्न नसकेको सरोकारवालाहरूले बताए ।

# प्रबिनलाई 'भुल्न गारो भो'





**झापा, असोज २८।** सञ्चारकर्मी तथा गायक प्रबिन बिसीको 'भुल्न गारो भो' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ ।

गायक बिसीले सोमबार चर्चित युट्युब म्युजिक च्यानल हाईलाइट नेपाल मार्फत पहिलो कोशेली स्वरुप उक्त भिडियो सार्वजनिक गरेका हुन् ।

विशाल बिसी, सविना राउत, योगेश भण्डारी, अनुपा राई, धड्कन शर्मा, नरेश गुरुङ, ललित राई लगायतको अभिनय रहेको भिडियोको निर्देशन तथा निर्माण गायक बिसी र धड्कन शर्माले गरेका हुन् । युवापुस्ता माझ जोडिने प्रेम सम्बन्ध वा मायाप्रीतिका क्रममा सानातिना कुरामा ख्याल नगरिँदा वा सावधानी नअपनाउँदा त्यसबाट पर्नसक्ने असरबारे गीत मार्फत सन्देश दिन खोजिएको गायक बिसीले बताए । उनले संगीत क्षेत्रको लगाव र मेहनतपछि आफूले गीत ल्याएकोले भिडियोले दर्शक-श्रोताको मन छुने विश्वास व्यक्त गरे ।

गायक प्रबिन बिसीको स्वर, शब्द र संगीत रहेको गीतको एरेञ्ज पंकज सिग्देलले गरेका हुन् । झापाका मुख्य पर्यटकीय स्थल, चन्द्रागिरी र विभिन्न मनमोहक स्थलहरुको दृश्य रहेको भिडियोबाट भरपुर मनोरञ्जन प्राप्त गर्न सकिने बताइएको छ । रविन जुनियरको छायांकन रहेको उक्त म्युजिक भिडियो रविन जुनियरले नै सम्पादन गरेका हुन् ।

# यात्रुबाट बढी भाडा लिएको आरोपमा मुद्दा दायर



**झापा, असोज २८।** यात्रुबाट बढी भाडा लिएको आरोपमा दुई जनाविरुद्ध कालोबजारीअन्तर्गत मुद्दा दायर गरिएको छ ।

तोकिएकोभन्दा बढी भाडा लिएको आरोपमा हर्लुडस्थित खोटाङ यातायात प्रालिको काउण्टरबाट दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलाका तेञ्जी शेर्पा र फुर्वा शेर्पालाई पक्राउ गरी सोमबार मुद्दा दायर गरिएको हो ।

खोटाङबाट काठमाडौँ जाने यात्रुबाट जनही रु. एक हजार चार सय ५० लिनुपर्नेमा रु. दुई हजार लिएको गुनासो आएपछि उनीहरुलाई प्रहरीले पक्राउ गरेको थियो । यातायातमा कालोबजारी भएको गुनासो आए पनि उजुरी नपरेपछि प्रहरी आफैं यात्रु भएर जाँदा कालोबजारी गरेको पुष्टि भएपछि उनीहरू पक्राउ परेका थिए ।

पक्राउ परेकाहरूविरुद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गर्नाका साथै १० दिनको म्याद थप गरेर कारवाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वामदेव गौतमले बताए । कालोबजारी आरोपमा एक वर्षसम्म कैद तथा रु १० लाखसम्म जरिवाना गर्न सकिने कानूनी प्रावधान छ ।

दशैँ-तिहारको बेलामा जिल्ला भित्रिने र बाहिरिने यात्रुबाट मनपरी भाडा लिएकाले जाँचका लागि ठाउँ-ठाउँमा प्रहरी परिचालन गरिएको जिल्ला सुरक्षा समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी विष्णुहरि उपाध्यायले बताए । ऐँसेलुखर्क, बाक्सिला लगायत ग्रामीण क्षेत्रमा सञ्चालन हुने सवारीसाधनले यात्रुबाट मनपरी भाडा लिइरहेको गुनासो आएको थियो ।

# मोटरसाइकल दुर्घटना एकको मृत्यु

**सुनसरी, असोज २८।** सुनसरीको कोशी गाउँपालिका-४ कटानमा भएको मोटरसाईकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिम जाँदै गरेको को २२ प ८०४९ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको को २९ प ६८५३ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किदा दुईवटै मोटरसाइकलमा सवार रहेका चार जना घाइते भएका थिए ।

घाइतेहरुलाई उपचारको लागि जिल्ला अस्पताल ईनरुवा पठाइएकोमा उपचारको क्रममा को २२ प ८०४९ नम्बरका मोटरसाइकल चालक उदयपुरको तपेश्वर बस्ने ५० बर्षीय निरीराज गिरीको मृत्यु भएको र घाइतेहरुको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा
पहिलो शो ११:१५ छ माया छपक्कै
दोस्रो शो २:०० छ माया छपक्कै
तेस्रो शो ४:४५ छ माया छपक्कै
नाइट शो ७:३० छ माया छपक्कै

(हल बी) नेपाली र हिन्दी सिनेमा
पहिलो शो ११:३० War
दोस्रो शो २:०० War
तेस्रो शो ४:३० War
नाइट शो ७:३० War

बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

नयाँ रिलिज चलचित्रहरु
१०:०० बजे War (हिन्दी चलचित्र)
१२:०० बजे War (हिन्दी चलचित्र)
२:३० बजे War (हिन्दी चलचित्र)
६:०० बजे War (हिन्दी चलचित्र)
८:३० बजे War (हिन्दी चलचित्र)




एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## अब फिजियोथेरापी उपचार मात्र रू. २५० मा

वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराइँदैछ ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि

यो अफर असोज महिना भर

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
*नोटः प्यारालायसिसका विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ । शर्तहरु लागू हुने छन् ।*

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारूम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### आवश्यकता

यस संस्थालाई एम्बुलेन्स सञ्चालन सहयोगी आवश्यक भएको हुँदा इच्छुक महानुभावले सम्पर्क राख्नुहोला । साथै चालक समेत आवश्यकता छ ।
टंकनाथ सेवा समाज
बिर्तामोड-४, झापा (०२३-५४२९२१)

### छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
धिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,
९८४२६२४३५३/९८१४०३६३४४

### कर्मचारी आवश्यकता

कुक : ४ जना
रुम ब्वाई : ३ जना
वेटर : ५ जना
क्लिनर : ४ जना (महिला/पुरुष)
घरमा काम गर्ने : ५ जना *(महिला, फिदिम, इलाम, काठमाडौंका लागि)*

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### Teachers wanted in Sindhuli

School located in headquarter
**Secondary Social Teacher** - Rs 30000+(Extra incentive on coaching)
**L. secondary Computer Teacher**- 15000+ (Extra incentive on typing questions & official documents)
**Contact: Principal**
**9854042731; 9817858342**

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## कोरियन भाषा

한국어 にほんご
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन बिरफार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) — वरिष्ठ लिभर (कलेजो, पेट, प्यान्क्रियास, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ (विर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ।)
डा. मुक्ति आचार्य — MBBS, MD (TU) वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिवार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - विभिन्न अवसरले पछ्याउने छन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - मध्याह्नदेखि आयस्रोत बढ्ने छन् भने जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव बढ्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - तापनि, मध्याह्नदेखि स्थितिमा सुधार आउनेछ। रोकिएका काम सम्पादन हुनेछन् भने मेहनतले जिम्मेवारी पनि दिलाउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - परिस्थितिले चुनौतिहरू निम्त्याए पनि गोपनीयतामा ध्यान पुऱ्याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिने छन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - भाग्यले विभिन्न अवसर जुराउनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - सोखले खर्च निम्त्याए पनि पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। उपहारले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। दिउँसोदेखि परिस्थिति अलि बिग्रन सक्छ। सानोतिनो समस्याले अल्झाउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - स्वास्थ्य पनि प्रतिकूल रहनेछ। व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला।

# हात धुने प्रतियोगिता




**दुहागढी, असोज २८ ।** विश्व हात धुने दिवसको अवसरमा झापा दुहागढीस्थित बाल सुवोधिनि आधारभूत विद्यालयमा हात धुने प्रतियोगिता सम्पन्न भएको छ ।

विद्यालयको बालक्लब र जुनियर रेडक्रस सर्कलको संयुक्त आयोजनामा प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा धर्मभक्त सदनकी कला निरौला प्रथम, शुक्रराज सदनकी सोनिया दाहाल दोस्रो, गंगालाल सदनका विवेक लामिछाने तेस्रो र दशरथ सदनका सुरज राजवंशी सान्त्वना भएका थिए ।

कार्यक्रममा विद्यार्थीहरुलाई सामुहिक रुपमा हात धुने अभ्यास समेत गराइएको थियो । बालक्लबका अध्यक्ष अभिषेक कटुवालको अध्यक्षता तथा प्रधानाध्यापक विश्व थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# यात्रुको बढी भाडा लिए १०० मा फोन गर्न आग्रह

**झापा, असोज २८ ।** सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख आफैं सडकमा आएर सवारी जाँचको अनुगमन गरेका छन् । चाडपर्वको अवसरमा विभिन्न बहाना पारी यात्रुलाई ठगेको सूचनाका आधारमा ट्राफिक प्रहरीले चेकिङलाई समेत कडाइ गर्दै आएको छ ।

प्रमुख जिल्ला अधिकारी वेदनिधि खनाल र प्रहरी नायब उपरीक्षक नारायणप्रसाद चिमोरिया आफैं सडकमा आएर नागरिकको गुनासो सुनेको यो पहिलो पटक हो । पछिल्लो समय जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरीको संयुक्त टोलीले बढी भाडा लिने सवारीलाई कारवाही गर्दै यात्रुको रकम फिर्ता गराइरहेको छ । बारम्बार सचेत गराउँदा समेत विभिन्न बहाना पार्दै यात्रुलाई बढी भाडा लिए पनि कतिपय यात्रु स्वयम्ले ढाँटेर दोषीलाई उन्मुक्ति दिने काम गरेको पाइएको प्रमुख जिल्ला अधिकारी खनालले बताए । उनले भने- 'ट्राफिक प्रहरीको सक्रियता सन्तोषजनक छ, तर पनि स्थलगत गुनासो सुन्ने र आगामी योजना निर्माण गर्ने गरी राति नै सडकमा गयौं, हेर्‍यौं धेरै कुरा बुझ्यौं ।'

**४४ जना यात्रुको भाडा फिर्ता**

ओखलढुङ्गाबाट सोलुखुम्बु भित्रिएको सवारीसाधानमा जाँच गर्दा सात यात्रुबाट रु. ५० का दरले बढी लिएको पाएपछि रकम फिर्ता गराइएको प्रहरी नायब उपरीक्षक चिमोरियाले जानकारी दिए । ओखलढुङ्गा सल्लेरीका लागि रु. चार सय ५० भाडा कायम गरिएको छ ।

थुलुङ दूधकोशीको दिप्लीघाटबाट सल्लेरी आउने जीपले निर्धारण गरिएको भन्दा रु. तीन सयभन्दा बढी भाडा लिएपछि फिर्ता गराइएको प्रहरीले जनाएको छ । २९ यात्रुको जनही रु. तीन सय भाडा फिर्ता गरिएको ट्राफिक प्रहरी नारयणबहादुर बस्नेतले जानकारी दिए । दिप्लीघाटदेखि सल्लेरीसम्मको रु. सात सय भाडा निर्धारण गरिएको भए पनि यातायात व्यवसायीले रु. एक हजार लिँदै आएका छन् । त्यस्तै काठमाडौं जाने आठ यात्रुबाट बढी लिएको भाडा फिर्ता गराएको प्रहरीले जनाएको छ । सल्लेरी-काठमाडौं रु. एक हजार छ सय भाडा निर्धारण गरिएको भए पनि दुई जनाबाट रु. दुई हजार र अन्य छ जनाबाट रु. एक हजार आठ सय भाडा लिएको पाइएको ट्राफिक प्रहरी बस्नेतले जानकारी दिए ।

**भाडा फिर्ता पाएपछि यात्रु हर्षित**

बढी तिरिएको रकम फिर्ता पाएपछि यात्रु भने निकै खुशी भएका छन् । प्रमुख जिल्ला अधिकारीसहितको टोलीले चेकिङ गर्दै थिए पत्रकार समेत रहेका जुबुका डाकमान राईले भने- 'मलाई यो कार्य देखेर अत्यन्तै खुशी लाग्यो, यस्तो चेकिङ निरन्तर भयो भने अझै राम्रो हुन्छ ।'

कुनै सवारीसाधनले बढी भाडा लिएको खण्डमा १०० नम्बरमा फोन गरेर जानकारी दिन पनि प्रहरीले अनुरोध गरेको छ । अहिले पनि टिकट काउण्टरका कर्मचारीले गाडी अभाव तथा सिट नभएको भन्दै सल्लेरीदेखि काठमाडौंका लागि रु. दुई हजारसम्म लिँदै आएका छन् । पछिल्लोपटक जिल्ला प्रशासनमा यातायात व्यवसायीसहितको बैठकले सल्लेरी-काठमाडौं रु. एक हजार छ सय भाडा निर्धारण गरेको छ ।

**व्यवसायीले जथाभावी भाडा उठाए**

सञ्चारकर्मी समेत रहेका थुलुङ दूधकोशी गाउँपालिका जुबुका धनबल राईले काठमाडौं जानका लागि काउण्टरमा बुझ्दा रु. एक हजार आठ सय भाडा भनेपछि केही विवादसम्म भएको बताए । 'हामीलाई त ठग्न खोज्नेले झनै अरुलाई त के गर्लान् ?' -उनले प्रश्न गर्दै भने- 'तर यहाँको प्रहरी प्रशासनको सक्रियता राम्रो रहेछ, प्रहरीलाई हाम्रो वास्तविकता भन्यौं भने त न्याय पाइने रहेछ ।' 'काठमाडौं जाने गरी गेटवे यातायात प्रालिमा टिकट लियौं' यात्रु डाकमान राईले भने- 'टिकटमा रु. एक हजार छ सय लेखे, हामीले पनि निर्धारित भाडा त्यति नै दियौं, तर साँझ फोन गरेर लु नसकिने भयो त्यतिमा भन्दै थियो, हामीले हेरौंला नि भनेको त बिहान त छाडेर पो गएछ ।'

यातायात व्यवसायीको लापरवाही थाहा पाएपछि ट्राफिक प्रहरीले जिल्लाको नाका पत्तालेमा उक्त यातायातको सम्पूर्ण जीपलाई रोकेको थियो । काउण्टरका कर्मचारीलाई दुई जना टिकट लिएका यात्रु काठमाडौं पठाउने व्यवस्था नभएसम्म जीप नछाड्ने प्रहरीको निर्देशनपछि तत्काल अर्को गाडीको व्यवस्था भएको ट्राफिक प्रहरी प्रमुख सञ्जीव चौधरीले जानकारी दिए ।

**प्रहरी कै अगाडि भाडा बुझाउनुपर्ने**

टिकट नदिने र प्रहरीको चेकिङ सकिएपछि मात्रै भाडा लिन थालेपछि प्रहरीकै रोहवरमा भाडा तिर्न लगाउने र गाडी छुटाउनेसम्मको काम प्रहरीले गर्दै आएको छ । यो अवधिमा एक सयभन्दा बढी सवारी कारवाहीमा परेको प्रहरीले जनाएको छ । अहिले अस्थायी जिल्ला ट्राफिक प्रहरी पोष्ट र जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको संयुक्त टोलीले बिहान ४ बजेदेखि राति १०:३० बजेसम्म नियमित ड्युटी गर्ने गरेको प्रहरी नायब उपरीक्षक नारायणप्रसाद चिमोरियाले जानकारी दिए ।

# स्याउ

## फल मात्र होइन, अमृत पनि हो



स्याउ हाम्रो स्वास्थ्यको लागि एकदम गुणकारी छ । स्याउमा हाम्रो शरीरको लागि आवश्यक पर्ने विभिन्न पोषकतत्वहरु रहेका हुन्छन् । स्वास्थ्यका दृष्टिकोणले निकै उपयोगी स्याउलाई केही मानिस बोक्रासहित खान रुचाउँछन् भने केही बोक्रा झिकेर खान रुचाउँछन् । स्याउ एक प्रकारको फलफुलको राजा नै भन्दा पनि हुन्छ खानमा पनि निकै स्वादिलो हुन्छ । खादा गुलियो भएको हुनाले यसलाई केटाकेटिले पनि मन पराउँछन् । स्याउ खानुका फाइदा यस्ता छन् :

**तौल सन्तुलित :** शरीरको तौल हरदम फिट राख्न चाहनुहुन्छ भने नियमित स्याउ सेवन गर्नुहोस् । स्याउ नियमित सेवन गर्दा तपाईको पाचन प्रणालीलाई सही राख्छ । यसका साथै शरीरको इम्युनो सिस्टमलाई पनि राम्रो राख्छ । धेरै नसर्ने रोगहरु जस्तै मुटुरोग उच्चरक्तचाप मधुमेह आदि शरीरको तौलसँग सम्वन्धित हुन्छ । स्याउमा पाइने धेरै फाइबर र कम क्यालोरीले शरीरको तौल नियन्त्रण गर्न मद्दत गर्छ ।

**पत्थरी कव्जीयतबाट बचाउँछ :** नियमित स्याउ खानाले पत्थरी हुन सक्दैन । स्याउमा भएको फाइबरले झाडा पखलाको बेला धेरै पानी सोसी झाडा पखला नियन्त्रण गर्छ । त्यसैगरी कब्जियत भएको बेला त्यहि फाइबरले कोलनबाट पानी तानी कब्जियत निको पार्न मद्दत गर्छ ।

**सुन्दरता बढाउँछ :** स्याउको सेवनले अनुहारमा हुने काला तथा सेता दागहरु हट्छन् । यसबाट अनुहारमा चमक आउँछ । साथै स्याउको प्रतिदिन सेवनले तपाईंको शरीरमा मौजुद रहेको अनावश्यक बोसो बिस्तारै बिस्तारै कम हुन्छ । नियमित सेवनले अनुहारमा भएका कालो धव्वाह पनि हराएर जान्छ र अनुहार सुन्दर देखिन्छ ।

**दाँत मजबुत :** ब्रस गर्दा पनि दाँत चम्किलो हुँदैन भने दैनिक स्याउ मजाले चपाएर खादा दाँतमा चमक आउने छ । स्याउ चपाँउदा र टोक्दा निस्कने रयालले दाँत सड्नबाट बचाउनुको साथै ब्याक्टेरियाको संख्या घटाउँछ ।

**एनिमियाको बिरामीलाई फाइदा :** एनिमिया रोगको कारण शरीरमा रगतको मात्रा कमी भएर आउँछ र हेमोग्लोविनको मात्रा घट्छ । त्यसको लागि स्याउ खानु अति उत्तम हुन्छ । स्याउमा भएको आइरनले रगतको मात्रा बढाउन सहयोग गर्छ । यस्ता रोगीले दैनिक स्याउ सेवन गर्नु अति उत्तम हुन्छ ।

**क्यान्सरको खतरा मुक्त**

नियमित सेवन गर्दा पेट तथा स्तनको क्यान्सर हुनबाट बचाउँछ । स्याउले मानिसको शरीरमा रोगसँग लड्ने कोषिकामा तागत प्रदान गर्छ ।

**कोलेस्ट्रोल कम**

स्याउमा पाइने फाइबरले कोलेस्ट्रोलको मात्रा कम गराउँछ । यसका साथै नियमित स्याउ खाने हो भने डायविटिज हुने सम्भावना पनि २८ प्रतिशतले कमी भएर आउने छ । स्याउको सेवनले शरीरमा ग्लुकोजको मात्रा कमी हुन दिँदैन र इन्सुलिन लिनुपर्ने आवश्यकता पर्दैन ।

**कलेजोको शुद्धिकरण**

शरीरमा छिर्ने खानामा धेरै विषालु पदार्थहरु रहेका हुन्छन् । त्यसलाई शरीरको रक्तसञ्चार प्रक्रियासम्म पुग्नबाट रोक्ने काम कलेजोले गर्छ । जसले गर्दा कलेजोमा विषालु पदार्थ भरिएको हुन्छ । स्याउ एक त्यस्तो फल हो जसले कलेजोलाई शुद्ध र सफा गर्न मद्दत गर्छ ।

**रोगप्रतिरोधात्मक क्षमता** : स्याउमा पाइने क्यूएरसेटिन नामक एन्टी अक्सिडेन्टले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।

**एल्जाइमर हुन दिँदैन :** स्याउले मस्तिस्कलाई बुढो हुन दिँदैन र हरदम स्वस्थ र तन्दुरुस्त राख्छ ।

**डायबीटीज हुन दिँदैन :** हरेक दिन एक दाना स्याउ खाने मानिसमा टाइप २ डायबीटीज हुने सम्भावना २८ प्रतिशतले कम हुन्छ ।

**कोलेस्टेरोल घटाउँछ :** स्याउमा पाइने घुलनसिल फाइबर आन्द्राको चिल्लो पदार्थसँग बाँधिन्छ र शरीरमा कोलेस्टेटोलको मात्रा कम हुन्छ ।

**स्वस्थ मुटु :** स्याउमा पाइने फाइबरले धमनीका भित्ताहरुमा कोलेस्टेरोल जम्न नदिइ रक्तसञ्चारलाई स्वस्थ बनाई राख्छ ।

**पित्तथैलीको पत्थरी :** पित्तथैलीमा भएको पित्तमा कोलेस्टेरोलको मात्रा बढी भएमा त्यो जम्न गई पत्थरी हुन्छ । स्याउ खाँदा त्यसमा भएको फाइबरले कोलेस्टेरोलको मात्रा घटाई पित्तथैलीको पत्थरी हुन दिँदैन ।

**हड्डी बलियो :** स्याउमा प्रचुर मात्रामा क्याल्सियम पाइन्छ । त्यसैले प्रतिदिन स्याउको सेवन गर्ने वा यसको जुस पिउँदा हड्डीहरु मजबुत हुन्छन् । जो व्यक्तिहरुको हड्डी मजबुत हुन्छ उसलाई कम थकान महशुस हुन्छ ।

**मधुमेहलाई नियन्त्रित गर्छ**

स्याउको सेवनले शरीरमा टाइप २ मधुमेहको खतरालाई कम गर्छ । यसमा मौजद तत्वले शरीरमा ग्लुकोजको कमी पूरा गर्छ । शरीरमा प्रचुर मात्रामा ग्लुकोज हुँदा तपाईंले इन्सुलिन लिनुपर्ने आवश्यकता पर्दैन ।

**मोतियाविन्दु :** स्याउको सेवनले आँखामा हुने मोतियाविन्दुको समस्याबाट बचाउन मद्दत गर्छ । आँखासम्बन्धि अन्य रोग पनि लाग्न दिँदैन ।

**दमका बिरामीलाई गुणकारी**

स्याउ वन स्याउको जूसको सेवनले दम रोगीहरुलाई निकै फाइदा मिल्छ । विभिन्न अनुसन्धानहरुबाट पत्ता लागिसकेको छ कि दमको आक्रमण रोक्न स्याउ प्रभावकारी हुन्छ । यसमा पाइने फ्लेवोनोइड्सले फोक्सोको शक्ति बढाउँछ ।

**स्याउको बोक्राको फाइदा**

**ब्लड सुगर :** स्याउ मधुमेहका बिरामीका लागि स्याउ निकै फाइदाजनक मानिन्छ । त्यसमा पनि स्याउको ब्रोका मधुमेहका लागि अझ फाइदाजनक छ । यसले सुगरलाई नियन्त्रणमा राख्न मद्दत गर्छ ।

**ब्रेन सेल :** बोक्रासहितको स्याउको सेवनले दिमाग तेजिलो हुन्छ । साथै, मस्तिष्कको कोषिका (ब्रेन सेल)लाई स्वस्थ राख्न पनि सघाउ पुऱ्याउँछ ।

**मोतियाविन्दु :** बोक्रासहितको स्याउको सेवनले आँखामा हुने मोतियाविन्दुको समस्याबाट बचाउनका साथै आँखा सम्बन्धी अन्य रोग पनि लाग्न दिँदैन ।

**पित्तथैलीको पत्थरी :** बोक्रासहितको फाइबरयुक्त स्याउको सेवनले पित्तथैलीमा जमेर बसेको कोलेस्टेरोललाई बाहिर निकाल्न मद्दत गर्छ, जसले गर्दा पित्तथैलीमा पत्थरी हुन पाउँदैन ।

**दातको सडन :** दाँतको पहेंलोपना हटाउन तथा दाँतलाई स्वस्थ राख्न स्याउ निकै उपयोगी मानिन्छ । स्याउमा टुथपेस्टको गुण हुने भएकाले यसलाई चपाएर खानाले दाँतमा अड्किएको जिद्दी दागबाट समेत छुटकारा पाउन सकिन्छ । त्यस्तै, बोक्रासहित स्याउको सेवनले दातमा क्याभिटी हुनबाट बचाउँछ । त्यसबाहेक गर्भावस्थामा रगतको कमी हुन पाउँदैन ।

**क्यान्सर :** फाइबर, क्याल्सियम, एन्टि-अक्सिडेन्ट तथा प्लेबिनाइड तथा फाइटोकेमिकल्सले युक्त स्याउको बोक्राले मोटोपना कम गर्नुको साथै कलेजो, स्तन र आन्द्राको क्यान्सरबाट बचाउँछ । अमेरिकन इन्स्टिच्युट अफ क्यान्सरको अध्ययन अनुसार दैनिक एउटा स्याउको सेवनले स्तन क्यान्सरको सम्भावनालाई २३ प्रतिशतसम्म रोक्न सकिन्छ ।

# विपिन र स्वस्तिमा उत्कृष्ट






अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास)ले राजधानीमा आयोजना गरेको छैठौं 'इनास फिल्म अवार्ड'मा अभिनेता विपीन कार्की र अभिनेत्री स्वस्तिमा खड्का उत्कृष्ट घोषित भएका छन् ।

फिल्म 'प्रसाद'बाट विपिनले उत्कृष्ट अभिनेताको अवार्ड पाउँदा स्वस्तिमाले 'बुलबुल' बाट उत्कृष्ट अभिनेत्रीको अवार्ड उचालिन् । ११ विधामा बाँडिएको 'इनास अवार्ड' मा उत्कृष्ट फिल्मको अवार्ड पनि 'बुलबुल' ले नै हात पाऱ्यो ।

उत्कृष्ट निर्देशकको अवार्ड पनि 'बुलबुल' बाट निर्देशक विनोद पौडेलले आफ्नो पोल्टामा पारे । त्यस्तै 'गोपी'बाट निर्देशक दीपेन्द्र लामा र 'छक्का पञ्जा ३' बाट निर्देशक दीपाश्री निरौलालाई जुरी अवार्ड प्रदान गरियो । काठमाडौंको कमलादीको नेपाल प्रज्ञा-प्रतिष्ठानमा भएको अवार्ड समारोहमा दर्जनौं नेपाली फिल्ममा कालजयी संगीत भरेका संगीतकार रञ्जित गजमेरलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'बाट सम्मानित भएका थिए ।

अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) को अध्यक्षमा चुनिएकी कमला दाहालले यो अवार्डलाई आगामी दिनमा अझ पुरस्कृत र भव्यसँग आयोजना गर्ने बताइन् । यस कलाकार समाजको ७० देशमा शाखा छ । कार्यक्रममा समाजको विभिन्न चार देशका समितिलाई पनि सम्मान गरिएको थियो ।

# 'जर्सी'को हिन्दी रिमेक गर्दै शाहिद



यस वर्षको ब्लकबस्टर फिल्म 'कबीर सिंह' पछि कुनै फिल्ममा अनुबन्ध नभएका अभिनेता शाहिद कपुरको नयाँ फिल्मको औपचारिक निर्माण घोषणा भएको छ । उनले पुनः तेलुगू फिल्म 'जर्सी' को हिन्दी रिमेकमा लिड रोल प्ले गर्ने भएका छन् । यो फिल्म यस वर्षको २८ अगस्टमा प्रदर्शनमा आएको थियो । उक्त फिल्मका लागि शाहिदले ठूलो रकम बुझेको बताइएको छ ।

टाइम्स अफ इन्डियाको रिपोर्ट अनुसार, हिट फिल्म 'जर्सी' को हिन्दी रिमेकका लागि निर्माताले शाहिदलाई ३५ करोड पारिश्रमिक दिएका छन् । फिल्मसँग सम्बन्धित ट्रेड एक्सपर्टका अनुसार, ३५ करोडसँगै फिल्मको नाफाको ३० प्रतिशत पनि लिने सर्तमा उनले यो फिल्म गर्न लागेका हुन् । बलिउडमा विशेषगरी तीन खानले पारिश्रमिकसँगै नाफा पनि लिने गरेका छन् ।

नानीको सुपरहिट फिल्म 'जर्सी' को हिन्दी रिमेकमा काम गर्नका लागि शाहिद निकै उत्साहित छन् । उनलाई ओर्जिनल फिल्म निकै मन परेको थियो । योभन्दा अगाडि उनी तेलुगू सुपरस्टार विजय देवरकोन्डाको ब्लकबस्टर फिल्म 'अर्जुन रेड्डी' को हिन्दी रिमेक 'कबीर सिंह' मा देखिएका थिए । यो फिल्मको हिन्दी रिमेकले पनि बक्सअफिसमा जबरजस्त व्यापार गरेको थियो । 'कबीर सिंह' को सफलतापछि शाहिदको स्टारडम उत्कर्षमा पुगेको छ । जसकारण उनले आफ्नो पारिश्रमिक दुई गुणा बढाएका छन् । 'जर्सी'को हिन्दी रिमेकलाई गौतम तिन्नानुरीले निर्देशन गर्दैछन् ।


Al Meera

QATAR को AL MEERA सुपर मार्केटबाट डाइरेक्ट कामदारको आवश्यकता

कम्पनी : AL MEERA SUPERMARKET, QATAR

पूर्व स्वीकृति मिति : २०७६/०६/०९ चलानी नं. ८०१४४०९१ L.T.NO. 224809

| कामदारको पद | माग संख्या | मासिक तलब QR | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| SALES MAN | 25 | 1300+300 | ४९,६०० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ बर्ष |

नोट :
कम्तीमा SLC पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ देखि ३५ बर्ष ननाघेको हुनुपर्नेछ ।
आवश्यक कागजातसहित तुरुन्त सम्पर्क गर्नुहोला ।

प्रि-अर्न्तवार्ता धमाधम भइरहेको छ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मिति २०७६ असोज 30 गते (17 oct. 2019) मा झापा बिर्तामोडस्थित सेन्टर प्वाइन्ट पार्टी प्यालेसमा हुनेछ ।

Sky Star Recruitment Pvt. Ltd.

Ratopul-9 Kathamandu, Nepal ph. 01-4481000

श्र. इ. नं. १०५८/०७३/०७४

सम्पर्क मोवाइल नं. 9801079097